# शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली
केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**रमेश मादेन**
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०७५

## **शोधनिर्देशकको मन्तव्य**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षका छात्र रमेश मादेनले **शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७५/१२/१९

..........................................

सहप्रा. डा. भरतकुमार भट्टराई

(शोधनिर्देशक)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

## स्वीकृतिपत्र

हस्ताक्षर

**१. प्रा.डा. देवीप्रसाद गौतम** ..........................

विभागीय प्रमुख

**२. सहप्रा. डा. भरतकुमार भट्टराई** ..........................

शोधनिर्देशक

**३. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल** ..........................

बाह्य परीक्षक

मिति : २०७५/१२ /२३

**शोधपत्र मूल्याङ्कन समिति**

## कृतज्ञताज्ञापन

प्रस्तुत **शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु भरतकुमार भट्टराईकोज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । शिक्षण तथा विविध व्यवहारिक कार्यको व्यस्तता हुँदाहुँदै पनि मलाई आफ्नो अमूल्य समय दिई शोध कार्यमा अभिप्रेरित गर्नुका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोध निर्देशकप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोध लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय तथा कर्मचारी वर्गहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको तयारीका सिलसिलामा यथाशक्य सामग्री उपलब्ध गराउनुका साथै व्यस्त जीवनमा पनि आवश्यक सूचना प्रदान गरी आफ्नो महत्त्वपूर्ण विचार व्यक्त गरिदिनु हुने शोध शुभ मुकारुङको उल्लेखनीय सहयोगप्रति आभार प्रकट गर्दछु ।

मेरो अध्ययनको यो क्षणसम्म पनि सदैव प्रेरित गर्ने तथा आर्थिक सेवा पुऱ्याउनु हुने मेरा आदरणीय पिता स्व. झप्टबहादुर लिम्बु र ममतामयी माता स्व. पबिमाया लिम्बुप्रति ऋणी छु । त्यसैगरी अध्ययनको क्रममा आर्थिक सहयोग गर्नुहुने मेरी जीवनसाथी बृसिमाया राई (मादेन) प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी शोधपत्र तयार गर्ने समयमा ज्ञानी भई मलाई सहयोग गर्ने मेरा प्यारा छोरीहरू अनुष्का र अनुग्रह मादेनप्रति सन्नेट आर्शिवाद व्यक्त गर्दछु । त्यस्तै प्रत्यक्ष वा अप्रत्क्ष रूपमा सहयोग गर्ने मेरा साथीहरू ज्ञान श्रेष्ठ, टेकनाथलाई पनि हृदय देखिनै आभार प्रकट गर्दछु । अन्त्यमा आफ्नो व्यस्तता हुँदाहुँदै पनि लगनशीलतापूर्वक शोधकार्यलाई छिटो छरितो शुद्ध एवम् स्पष्टताका साथ टङ्कण गरी सहयोग गर्नु हुने नेचर कम्प्यूटर सेन्टरकी बहिनी निर्मला बाँस्कोटाप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश  गर्दछु ।

शोधार्थी

**रमेश मादेन**

स्नातकोत्तर तह दोस्रो वर्ष

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

# विषयसूची

**शोधनिर्देशकको मन्तव्य**

**स्वीकृतिपत्र**

**कृतज्ञताज्ञापन**

**विषयसूची**

**अध्याय एक**

**शोधपरिचय**

| | |
|---|---|
| १.१. विषयपरिचय | १ |
| १.२. शोधसमस्या | २ |
| १.३. शोधकार्यको उद्देश्य | २ |
| १.४. पूर्वकार्यको समीक्षा | ३ |
| १.५. शोधकार्यको औचित्य | ४ |
| १.६. शोधकार्यको सीमाङ्कन | ४ |
| १.७. शोधविधि | ५ |
| १.८. शोधपत्रको रूपरेखा | ५ |

**अध्याय दुई**

**शुभ मुकारुङको जीवनी**

| | |
|---|---|
| २.१ जन्म र जन्मस्थान | ६ |
| २.२ बाल्यकाल | ६ |
| २.३ पुर्ख्यौली | ७ |
| २.४ शिक्षा-दीक्षा | ७ |
| २.५ व्रतबन्ध र विवाह | ७ |
| २.६ पारिवारिक जीवन | ८ |
| २.७ आर्थिक अवस्था | ८ |
| २.८ कार्यक्षेत्र | ९ |
| २.९ सम्मान र पुरस्कार | ९ |
| २.१० रुचि | १० |

२.११ अनुभव र भ्रमण १०

२.१२ लेखनका लागि प्रेरणा र प्रभाव १०

२.१३ लेखनको प्रारम्भ र प्रकाशन ११

२.१४ निष्कर्ष १२

**अध्याय तीन**

## शुभ मुकारुङको व्यक्तित्व

३.१ शुभ मुकारुङको व्यक्तित्व निर्माणको पृष्ठभूमि १३

३.२. शुभ मुकारुङको बाह्य व्यक्तित्व १३

३.३ आन्तरिक व्यक्तित्व १४

३.४ शुभ मुकारुङको व्यक्तित्वका विभिन्न पाटाहरू १४

३.४.१ साहित्यिक व्यक्तित्व १५

३.४.१.१ कथाकार व्यक्तित्व १५

३.४.१.२ गीतकार व्यक्तित्व १६

३.४.१.३ सम्पादक व्यक्तित्व १६

३.४.२.४ लेखक व्यक्तित्व १६

३.४.२ मुकारुङको साहित्येतर व्यक्तित्व १७

३.४.२.१ राजनीतिक व्यक्तित्व १७

३.४.२.२ समाजसेवी व्यक्तित्व १८

३.४.२.३ धार्मिक, सांस्कृतिक व्यक्तित्व १८

३.४.३.जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तर्सम्बन्ध १८

३.५ निष्कर्ष १९

**चौथो परिच्छेद**

## शुभ मुकारुङको कृतित्व

४.१. विषयप्रवेश २१

४.१.१.गीतहरूको विश्लेषणको सैद्धान्तिक प्रारूप २२

४.१.१.१ वस्तु/भाव वा विचार २३

क. प्रणयात्मक/रागात्मक विषयवस्तु २४

ख. प्रणयेतर/रागेतर विषयवस्तु २४

४.१.१.२ पर्याधार २४

क. वैयक्तिक पर्याधार २४

ख. सामाजिक पर्याधार २५

४.१.१.३ ढाँचा २५

क. वृत्तात्मक ढाँचा २५

ख. चक्रात्मक ढाँचा २५

४.१.१.४ भाषाशैलीय विन्यास २५

४.१.१.४.१ अभिव्यक्ति २६

क. एकलापीय २६

ख. संवादात्मक २६

४.१.१.४.२ प्रस्तुति २६

क. वक्तव्यपरक २६

ख. सम्बोधनात्मक २७

४.१.१.५ बिम्ब/प्रतीक/अलङ्कार २७

४.१.१.६ लय/गेयता/सङ्गीतात्मकता २७

४.१.१.७ अग्रभूमीकरण २७

४.१.२ शुभ मुकारुङको "पुग्नु कहाँ थियो" गीतसङ्ग्रहको विश्लेषण २७

दुख्यो यस्तो घाउँ २८

तिमी जस्तो २८

सडकमा २९

पुग्नु कहाँ थियो २९

हरेक रात ३०

केही मन ३०

जुनले पोल्दा ३१

घातमाथि घात ३१

मेरी मायारानी ३२

बेहिसाव जिन्दगी ३२

दुखेको छु आज ३३

मायाको बैना ३३
आजभोलिका मान्छे ३३
यो अर्थमा म ३४
जे नहुनु थियो ३४
मायाको खातिर ३५
तन्नेरीका कुरा ३५
मायाको कुरामा ३५
तिमी ३६
उसको माया ३६
उही घाम ३७
कति सुन्ने ३७
अभियोग ३७
सुक्यो कुवा ३८
तिमी थियौ र पो ... ३८
हारेकै हुँ ३९
यो साल फेरि ३९
मायापिरतीमा ४०
मनको राजा ४०
मेरो बाटुली ४१
कोही भन्छन् ४१
सहर ४१
४.१.३ शुभ मुकारुङका कथाहरूको विश्लेषण ४२
४.१.३.१. कथा ढुङ्गैढुङ्गाको सङ्ग्रहका कथाहरू ४२
खोब्वा (खेवा) लुङ ४३
नाम्बा लुङ (आकाशाट फरेको ढुङ्गा) ४४
घिल्टिङ लुङ (भालु ढुङ्गा) ४४
डाक्खाम् लुङ् (तान बुन्ने ढुङ्गा) ४५
माङ्मी लुङ (विजुवानी ढुङ्गा) ४५

दाक्मी रुभ्रूम् लुङ (जन्ती ढुङ्गा) ४६
खमाही लुङ (खमाही ढुङ्गा) ४६
पालेम्ला लुङ (मृतात्मा ढुङ्गा) ४७
भ:लुङ (सुगुर ढुङ्गा) ४७
धियाङपुछापलुङ (अजिङ्गरे ढुङ्गा) ४८
डेवा डेवा लुङ (बुढाबुढी ढुङ्गा) ४८
बानदुप्खा लुङ (आरान ढुङ्गा) ४९
टाङ्ग लुङ (टोपी ढुङ्गा) ५०
सोप्पिमुमा लुङ (डण्डीबियो ढुङ्गा) ५०
लि? लुङ (गुलेली ढुङ्गा) ५१
४.१.३.२ कथा: पानीको परिचयात्मक विवेचना ५२
४.१.४ शुभ मुकारुङको अन्य पुस्तक लेखनको अध्ययन ५३
४.१.४.१ साहित्य, सङ्गीत, कला र पत्रकारितामा 'हामी' ५४
४.१.४.२ किराँत राई जाती र मुन्दुमी सामग्री ५५
४.२. निष्कर्ष ५६

**पाँचौं परिच्छेद**

## सारांश तथा निष्कर्ष

५.१ सारांश ५७
५.२ निष्कर्ष ५८
**परिशिष्ट** **६१-६७**
**सन्दर्भसूची** **७८-६९**

# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ विषयपरिचय

नेपाली साहित्यमा शुभ मुकारुङ नामले परिचित व्यक्तित्वको जन्म वि.सं. २०२८ साउन १३ गते अन्नपूर्ण-३, दिल्पा, भोजपुरमा पिता भीमप्रसाद राई र माता भगतकुमारी राईका कोखवाट भएको हो । उनको खास नाम शुभ चन्द्र राई भएतापनि साहित्यिक नाममा भने शुभ मुकारुङले नै चिनिन्छ । हाल उनको बासस्थान सुनाकोठी-८, ललितपुर रहेको छ । मध्यमवर्गीय परिवारमा जन्मिएका मुकारुङको वाल्यकाल जन्म स्थान भोजपुरको दिल्पाकै परिवेशमा बितेको थियो । प्रविणता प्रमाणपत्र तह सम्मको अध्ययन पुरा गरेका मुकारुङले आफ्नै संवेदनशील हृदय, सहकर्मीहरूको हौसला र अग्रज साहित्यकारहरूका साहित्यिक प्रभाव उनका लेखनका ऊर्जा हुन् । उनी २०४४/४५ साल देखि साहित्य लेखनमा थालनी गरे तापनि २०४७ सालमा गीतहरू रेकर्ड गराएको पाइन्छ । साहित्य सिर्जनाका अतिरिक्त सामाजिक संघ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । उनको हालको सेवा भन्नाले छापा पत्रकारिता, रेडियो/टेलिभिजन कार्यक्रम निर्माण, साहित्य आदि रहेको छ । उनी आदिवासी गीतकार समाज नेपालका संस्थापक महासचिव, पूर्व अध्यक्ष, शव्द शताव्दी नेपालका पूर्व उपाध्यक्ष, त्यसैगरी सृजनाका लागि समन्वय नेपालका अध्यक्ष र नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य रहेका छन् । अध्ययन र भ्रमणमा विशेष रुचि राख्ने मुकारुङले साहित्यका कथा र गीत पुस्तकलेखन आदि विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

१. **सायद** गीतिएल्बम, रचना (२०५२)

२. **संवेग** गीतिएल्बम/सीडी, रचना (२०५८)

३. **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह (२०६१)

४. **स्वीकृति** गीतिएल्बम/सीडी, रचना (२०६३)

५. **साहित्य, सङ्गीत, कला र पत्रकारितामा हामी,** व्यक्तित्व परिचय, (२०६३)

६. **कथा ढुङ्गैढुङ्गाको** किराँती लोककथा, (२०६४)

७. **किराँत राई जाती र मुन्दुमी सामग्री,** इतिहास-संस्कृती (२०६५)

८. **पानीको कथा** किराँती लोककथा (२०७२)

९. **सम्पादन कृतिहरू**

१०. **सम्पादन** गोरखा सैनिक आवाज मासिक (२०५८/२०६१)

११. **परदेश** अर्धबार्षिक (२०६०/२०६५)

१२. **अन्नपूर्ण मावि** स्मारिका (२०६३)

१३. **भोजपुर** स्मारिका (२०६५)

१४. **किरात मुकारुङ जातीको रीतिरिवाज (२०६७)**

उनी निरन्तर रूपमा साहित्य र सामाजिक क्षेत्रमा लाग्दै आएका छन् । यस शोधमा तीनै शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गरिएको छ ।

### १.२ समस्याकथन

**शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छः

(क) शुभ मुकारुङको जीवनी के कस्तो छ ?

(ख) उनका व्यक्तित्वका पक्षहरू के कस्ता छन् ?

(ग) उनका कृतित्व के कस्तो छ ?

### १.३ शोधकार्यका उद्देश्यहरू

उपर्युक्त समस्याहरूको समाधानमा केन्द्रित प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ उन्मुख रहेको छ :

(क) शुभ मुकारुङको जीवनी प्रस्तुत गर्नु

(ख) उनका व्यक्तित्वका विविध पक्षहरूको अध्ययन र

(ग) उनका साहित्यिक कृतिहरूको विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

मुकारुङ भोजपुरको भुरुचोकमा जन्मेर प्रवीणता प्रमाणपत्र (आई.ए) तहसम्मको अध्ययन पुरा गरेका छन् । उनी साहित्य सेवामा २०४७ सालदेखि आबद्ध रही हालसम्म पनि निरन्तरता दिइरहेका छन् । मुकारुङका गीत सिर्जनयात्राको प्रारम्भ **बालगीत र लोकगीत रेकर्ड २०४७ पहिलो गीत हो भने सायद गीति एल्बम, रचना, २०५२** पहिलो प्रकाशन हो । वर्तमान समयमा पनि अनवरत रूपमा साहित्यसिर्जनामा लागिरहेका मुकारुङ साहित्य क्षेत्रका महत्त्वपूर्ण प्रतिभा हुन् । तर मुकारुङका बारेमा समालोचनात्मक विस्तृत विश्लेषण र मूल्याङ्कन गरिएको पाइँदैन । यिनका बारेमा जे जति अध्ययन र विश्लेषण भएका छन् ती केवल परिचयात्मक मात्र छन् । यसै क्रममा उनका बारेमा भएका त्यस्ता पूर्वकार्यहरूको सर्वेक्षण र समीक्षा कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

बैरागी काइँलाले **पुग्नु कहाँ थियो** (२०६१) को भूमिकामा गीतको चिरन्तन सम्बल भनेको प्रेम नै हो जुन शुभ मुकारुङको शव्दमा कहिले न्यानो आगो हुन्छ, कहिले मूलको शीतल पानी त कैल्हे बगाई लैजाने उर्लँदो बाढी हुन्छ । के ठेगान... भावविभोर भएर मिलन र खुशीले कि भावविह्वल भएर बिछोड र पीडाले दग्ध भएको गीतकारको अनुभूतिले शव्द-शीतलको मोती भई पृथ्वीमा गीत भएर जन्म लिन्छन् कि ? त्यतिमात्र होइन आँसुले भिजेको कमलो र हाँसो पोतेको उज्यालो उत्तप्त विरह वेदनाले पाउने शाव्दिक अभिव्यक्ति शुभ मुकारुङका गीतहरूमा पाइन्छ भनि उल्लेख गरेका छन् ।

हेम सुवेदीले **नेपाली साहित्य, सङ्गीत, कला र पत्रकारिता** (२०६३) को पुस्तकको भूमिकामा लामो समयदेखि सङ्घर्ष गर्दै योगदान दिँदै आएका मुकारुङबन्धुहरूको व्यक्तिगत विवरणको यो पुस्तकका बारेमा केही लेखिदिने क्रममा सृजना पनि कहिलेकाहीँ जन्मजात नै हुँदोरहेछ भन्ने कुरा यो पुस्तकभित्र अटाएका मुकारुङ व्यक्ति/व्यक्तित्वहरूबाट थाहा हून्छ । सङ्गीतमै जिजिविष अर्पण गरेका मुकारुङहरू चाहेका भए ठूला लाहुरे, उद्योगपति आदि भएर धन कमाउनेतर्फ लाग्थे होलान् । तर वहाँहरूको सृर्जनाले वहाँहरूलाई त्यसो गर्न दिएन र पछिल्ला मुकारुङ सन्ततिलाई साहित्य, सङ्गीत, कला र पत्रकारितामा उत्प्रेरित गर्न यो पुस्तक इतिहास सावित हुनेछ । साथै मुकारुङस्रष्टाहरूको बारेमा जानकारी राख्न चाहने पाठक, श्रोताहरूको लागि समेत यो पुस्तक उपयोगी वन्नेछ भनेका छन् । साथै अन्तमा बसाइ सराइको क्रममा चाहे पुगुन् टिस्टा, कालेबुङ वा अमेरिका नै तर नेपाली कला,

साहित्य र सङ्गीतको जगेर्नाकै लागि जन्मेका हुन् यी मुकारुङ भनि कवितामै उनका बखान समेत गरेका छन् ।

भक्त राईले **कथा : पानीको** (२०७२) कथासङ्ग्रहमा प्रकाशकिय प्रस्तुत गरेका छन् । यसमा उनले भनेका छन्, मुकारुङ प्रस्तुत गन्थ मिथकको सङकलन होइन परन्तु किराँत मिथकीय आधारभूमिका पल्लवित अत्यन्त महत्वपूर्ण ऐतिहासिक कथासङ्ग्रह हो । प्रस्तुत कथा सङ्ग्रहभित्रका कथाहरूभित्र किराँतीहरूले चर्चेको धरती र उनीहरूले उपयोग र उपभोग गरेका खोला-नाला, पानी, पधेरो, पाखा, पोखरी, भीर कन्धराहरू र ती प्रकृतिमा उम्रिएका, पोखिएका जीवनरूपी पानीको वर्णन भएका छन् । पानी जीवन हो, यसको अभावमा सृष्टि सञ्चालन हुनै सक्दैन यही वास्तविकतालाई हृदयङ्गम गरी किराँतीहरूले प्रंकृतिलाई श्रदा पूजा गर्ने, संरक्षण गर्ने र उपयोग गर्ने प्राचीन परम्पराको पदचापहरू प्रस्तुत कथा सङ्ग्रहमा चित्रित भएका छन् । प्रत्येक कथामा किराँती जाती, उनीहरूका मौखिक वाङ्मय मुन्दुमका घट्ना वर्णन, मुन्दुमी मिथक र मिथकीय पात्रहरू र किराँती जनजीवनका घटनाहरूका विवरणहरू समेत मुखरित भएका कुरा उल्लेख गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

लेपाली साहित्यको कथा र गीत रचना विधामा कलम चलाएका मुकारुङको ‘जीवनी, व्यक्तित्व  र कृतित्व’ को बारेमा अहिलेसम्म विषद् एवम् व्यवस्थित अध्ययन भएको छैन । आजसम्म देखिएका उनका कृतिहरूको सामान्य परिचयमूलक पूर्वकार्य बाहेक अन्य केही नभएको अवस्थामा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत अध्ययन गरिएकोले यस शोधको औचित्य स्वतः सिद्ध भएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । उनका कृतिहरूको अध्ययनअन्तर्गत प्रकाशित कृतिहरूको विश्लेषण गरिएको छ । यसका अतिरिक्त मुकारुङका जीवनी, व्यक्तित्व र कृतित्वका यिनै विविध पाटाहरूको अध्यनमा नै यस शोधलाई सीमाङ्कन गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागी विशेषतः पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । त्यस्तै शोधनायक एवम् उनका आफन्तहरू लगायत अन्य व्यक्तित्वका लागि जीवनीपरक समालोचना पद्धतिको तथा उनका कृतिहरूको अध्ययन तथा विश्लेषणका लागि कथा सिद्धान्तको प्रयोग गरिएको छ । यी बाहेक आवश्यकताअनुसार ऐतिहासिक तथा तुलनात्मक पद्धतिको पनि उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरी सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

पहिलो परिच्छेद - शोधपरिचय

दोस्रो परिच्छेद - शुभ मुकारुङको जीवनी

तेस्रो परच्छिेद - शुभ मुकारुङको व्यक्तित्व

चौथो परिच्छेद - शुभ मुकारुङको कृतित्वहरूको अध्ययन

पाँचौं परिच्छेद - सारांश तथा निष्कर्ष

अन्त्यमा परिशिष्ट र सन्दर्भसूची पनि राखिएको छ ।

# दोस्रो अध्याय

# शुभ मुकारुङको जीवनी

## २.१ जन्म र जन्मस्थान

शुभ मुकारुङको जन्म २०२८ श्रावण महिना १३ गते विहिबारका दिन कोशी अञ्चल भोजपुर जिल्लाको अन्नपूर्ण गा.वि.स. वार्ड नं. ३ हाल टयर्म्केमैयुङ गा.पा. ३, भुरुचोक गाउँमा भएको हो । राई जात, वान्तवा थर र मुकारुङ उपथर रहेको पाइन्छ । यिनको बुबाको नाम भीमप्रसाद राई र आमाको नाम भगतकुमारी राई हो (मुकारुङबाट जानकारी प्राप्त) ।

तत्कालिन समयमा पिता भीमप्रसाद राई ब्रिटिस आर्मी तर ७ वर्ष सेवा गरेर छाडेकाले समाजसेवामा लागि राजनीतिमा होमिएका कारण उनी जिल्ला सभापति सम्म भएको पाइन्छ । यसरी वुवा जिम्वाल तथा वुवा आर्मी पेशा र राजनीतिमा संलग्न परिवारमा जन्मेका मुकारुङको पारिवारिक अवस्था भने मध्यम वर्गनै रहेको देखिन्छ ।

## २.२ बाल्यकाल

शुभ मुकारुङको बाल्यकाल ग्रामीण परिवेशमा नै वितेको थियो । परिवारमा हजुरवुवा पर्शुराम राई जिम्मावाल भएकाले जमिन्दार जमिन प्रशस्त र बाउन्न ढोके भिगटी घर थियो । उक्त ५२ ढोके घर बनाएर सरकारलाई चुनौती दियो भनि इर्श्यालुहरूले दरवारमा उजुरी ल्याए । बाजेलाई पक्राऊ गरी चन्द्र शमसेरको सलामीमा उभ्याइयो । दौडाहा जर्नेलसँग भएको ५२ ढोके घरको नक्सा हेरी श्री ३ बाट सोधपुद्ध भयो र उक्त मुद्दाको फैसला भयो । मुद्दा हजुरबुवाले जित्नु भयो । बाजेले ६ वटा श्रीमतीहरू विवाह गरेका थिए । बुबाको जागिरले गर्दा बाल्य जीवनमा यिनले त्यस्तो आर्थिक अभाव र पीडा बेहोर्नु परेन । यिनले बाल्यकालमा बुबाआमाको भरपूर माया पाए यिनको बाल्य जीवनमा खेलकुद र चित्रकलाप्रति बढी रुचि राखेको पाइन्छ । खेलहरूमा पनि विशेषत भलिवलमा बढी रुचि राख्ने मुकारुङको गीत गाउन पनि उत्तिकै चाख रहेको देखिन्छ । ग्रामीण मध्यमवर्गीय परिवारमा हुर्किएर पनि बाल्य जीवनमा त्यस्तो संकट भोग्नु परेको देखिँदैन । यिनले सामन्य गाउँले जीवनमा गरिने मेलापात, घाँस-दाउँरा, गोबर सोर्ने, महि पार्ने, नाङ्लो केलाउने, खाना पकाउने, गोठालो इत्यादि जस्ता दिनचर्यासँगसँगै भोजपुरमा रहेको अन्नपुर्ण मा.वि.मा

अध्ययन गर्दै आफ्नो बाल्य जीवन भोजपुरको सुन्दर ग्रामीण परिवेशमा बिताएको पाइन्छ (मुकारुङबाट जानकारी प्राप्त) ।

## २.३ पुर्ख्यौली

शुभ मुकारुङको पुर्खाहरूमा हजुरबाको नाम पर्शुराम राई हो । हजुरबुबाका ६ वटी श्रीमतीहरू थिए । जसमा जेठी, कर्म कुमारी योञ्जन, माहिली  हिरादेवी मुकारुङ, साहिली भक्ति देवी खालिङ आदि हुन् । हजुरवुवाका माहिला छोरा शुभ मुकारुङका बुवा हुन् । उनका पनि दुईवटी श्रीमतीहरू रहेको पाइन्छ । जसमा मुकारुङ कान्छी पट्टिको कान्छो तर संगोलमा आठौं स्थानका हुन् । उनका ८ जना दाजुभाइ रहेको त्यसैगरी २ जना दिदीबहिनी, ७ जना काका काकीहरू र बडा १ र बडी १ जना रहेका छन् । यी ९ मध्ये आठौँ छोराका रूपमा शुभ मुकारुङ रहेका छन् (शोधनायकबाट जानकारी प्राप्त) ।

## २.४ शिक्षादीक्षा

बुबाको जागिरका कारण अध्ययनका क्रममा उनले कुनै दुःख बेहोर्नु परेन । आफ्नो समाज र छिमेकका बालबालिकाले झैं स्कुलमा गएर औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट यिनलाई बञ्चित हुनु परेन । अक्षारारम्भ हजुरबुवा तथा बुबाबाट गरेका मुकारुङले औपचारिक शिक्षा आरम्भ चार वर्षको उमेरमा घरबाट लगभग २-३ मिनेट मात्र टाढा रहेको स्थानीय अन्नपूर्ण मा.वि.बाट गरेका थिए । १५ वर्षमा एस.एल.सी नपाइने भएकाले १६ वर्षमा सेन्ट अप परीक्षा दिएको तर त्यो परीक्षा विग्रिएकोले ४ वर्ष त्यतिकै पढाइ छाडेर २०५० मा अन्नपूर्ण उ.मा.वि. बाटै  एस.एल.सी दिएको पाइन्छ । प्रविणता प्रमाण पत्र तह रत्न राज्य क्याम्पस काठमाडौंबाट भएको थियो (शोधनायकबाट जानकारी प्राप्त) ।

## २.५ व्रतबन्ध र विवाह

शुभ मुकारुङको ५ वर्षको उमेरमा छेवर (ब्रतबन्ध) भएको थियो । भोजपुरको रीतिरिवाज, संस्कारअनुसार मुकारुङ जातीको छेवर गर्ने चलन रहेको छ । मुकारुङ जातीमा प्राय छेवर विजोड वर्षमा गरिने भएकाले मुकारुङको पनि विजोड बर्षमा गरेको बताउँछन् । छेवरमा मामाले भान्जाको साइत निकाली कपाल काट्ने र अन्य विधि गरी छेवर सम्पन्न

गर्ने गरिन्छ । यसै अनुसार मुकारुङको पनि छेवर संम्पन गरेको पाइन्छ । शुभ मुकारुङको विवाह २०६९ साल असोज २७ गते ४० वर्षको उमेरमा भएको थियो । उनको विवाह खोटाङ बङ्कादियाले हाल खोटेहाङ् गा.पा. का तिलक बहादुर राई र रामशोभा राईकी ३ छोरा र ४ छोरी मध्ये ३४ वर्षकी कान्छी छोरी स्नातक पढ्दै गरेकी रमिला चाम्लिङसँग भएको थियो (शोधनायकको जीवनसाथीबाट प्राप्त जानकारी) ।

### २.६ पारिवारिक जीवन

शुभ मुकारुङको परिवारमा जम्मा तीन सदस्य रहेका छन् । त्यसमा मुकारुङ, उनको श्रीमती रमिला, छोरा रियोङहाङ रहेका छन् । शुभ मुकारुङको  एक मात्र सन्तानको वि.सं. २०७० साल माघ ४ मा भएको थियो । हाल उनका सन्तान ललितपुरको एक विद्यालयमा अध्ययन गर्दछन् ।

श्रीमती रमिलाको सम्पूर्ण जीवन घरव्यवहारमा नै वित्ने गर्दछ । उनी बच्चालाई समयमा विद्यालय पुऱ्याउने र ल्याउने कार्य गर्दछिन् साथै श्रीमान्को लेखन कार्यमा समय समयमा सहयोग पुऱ्याउने बताउँछिन । समग्रमा हेर्दा शुभ मुकारुङको पारिवारिक जीवन सुखमय देखिन्छ । हाल उनी ललितपुरमा बसोबास गर्दै आएका छन् (शोधनायकको जीवनसाथीबाट प्राप्त जानकारी) ।

### २.७ आर्थिक अवस्था

ग्रामीण परिवेशमा जन्मेका मुकारुङको पारिवारिक स्थिती भने मध्यम स्तरको थियो । ब्रिटिस आर्मीमा ७ बर्ष जागिरे भएर छोडेका बुवा भीमप्रसाद राईको पारिवारिक जीवन त्यति अभावपूर्ण थिएन । जसले गर्दा उनको प्रविणता प्रमाणपत्र सम्मको अध्ययनक्रमले निरन्तरता पायो । शुभ मुकारुङ काठमाडौँ आएपछि मुकारुङले सर्वप्रथम २०४७ मंसिर ९ गते गीत रेकर्ड गराएका हुन् । लोकगीत “मलमल खासा जनकिरी  २०४७ आधुनिक धेरै ठाउँ बास मागे, पाइएन बास २०४७ संगीत शान्तिराम, स्वर हेमन्त मुकारुङ श्रदा म्युजिक सेन्टर, कविता २०५१ सालमा पारिवारिक माहोल साँङ्गितिक भएकाले विशेषता अमाबाट र पछिल्लो समय बुलु मुकारुङ दाजुबाट रेडियो नेपालमा प्रवेश गरेका हुन् । हाल भने उनको आर्थिक अवस्था सामान्य रहेको छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.८ कार्यक्षेत्र

बाल्यकालदेखि त्यति धेरै दुःख कष्ट भोल्नु नपरेतापनि वि.सं. २०६९ सालबाट अनावारत कार्यरत रही गीतकार संघं नेपालमा सदस्य, कोषाध्यक्ष, सचिव हुँदै वर्तमान उपाध्यक्ष समेत रहेका मुकारुङ नेपाली साहित्य तथा लेखनसँग सम्बन्धित विभिन्न संघसंस्था, प्रकाशनसँग पनि आवद्ध छन् । उनी आदिवासी गीतकार समाज, नेपालका संस्थापक महासचिव, पूर्व अध्यक्ष, शव्द शताव्दी नेपालका पूर्व उपाध्यक्ष, त्यसैगरी सृजनाका लागि समन्वय नेपालका अध्यक्ष र नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य रहेका छन् ( शोधनायकबाट प्राप्त जानकारी अनुसार) । यसरी विविध कार्यक्षेत्रमा विविध कार्यभार बहन गरेका मुकारुङ संलग्न कार्य क्षेत्रहरूमा संलग्न रहेका छन् हाल उनी निम्न स्थानमा कार्यरत रहेका छन् :

(क) छापा पत्रकारिता, रेडियो/टेलिभिजन कार्यक्रम निर्माण,

(ख) आदिवासी गीतकार समाज, नेपालका संस्थापक महासचिव, पूर्व अध्यक्ष, शव्द शताव्दी नेपालका पूर्व उपाध्यक्ष, त्यसैगरी सृजनाका लागि समन्वय नेपालका अध्यक्ष

(ग) नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य

(घ) उपाध्यक्ष - गीतकार संघ नेपाल

(ङ) महासचिव- गीतकार सङ्घ नेपाल कार्य समिति २०७३

## २.९ सम्मान र पुरषकार

नेपाली साहित्यका विभिन्न विधामा सिर्जनात्मक रूपले करिब तीन दशकसम्म सक्रिय रहँदै विभिन्न पत्रपत्रिकाहरू एवम् ग्रन्थहरूको सम्पादन प्रकाशनद्वारा नेपाली साहित्यमा उल्लेखनीय योगदान गरेवापत विभिन्न पुरस्कारहरू हात पार्न सफल भएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

(क) २०६१ अच्छा राई रसिक प्रतिष्ठान इटहरीबाट **दिपेश किसोर पुरस्कार  र अभिनन्दन** स्वरूप रु. ५००० ।

(ख) सन् २००७ सृजनशील साहित्य पुरस्कार हङ्कङ बाट रु ५०,०००

(ग) **मदनस्वरी स्मृति पुरस्कार** रु २,५००० । यो पुरस्कार किराँत राई जातिको मुन्दुमी सामाग्री नामक किताब मार्फत प्राप्त गरेका हुन् । (किरात राई यायोक्खाबाट)

## २.१० रुचि

शुरुमा मुकारुङको विशेष रुचि खेलमा हो । त्यसबेला यिनी विद्यालयबाट विभिन्न खेलमा सहभागी हुने गर्दथे । तर पछि हुँदै जाँदा यिनी साहित्यतिर खिचिए । त्यहि साहित्यप्रतिको रुचिले गर्दा उनी अहिले साहित्यकार शुभ मुकारुङका रूपमा परिचित छन् । साहित्यका क्षेत्रमा उनको मूलतः गीतकारका रूपमा विशिष्टता रहेको छ ।

सामान्य रूपमा खेलप्रति त्यसमा पनि विशेष भलिवल खेलमा बढी यिनको रुचि रहेको पाइन्छ । साथै गितार मादल र हारमोनियम बजाउन पनि मन पराउँछन् । खेलका सन्दर्भमा यिनलाई खेल खेल्नभन्दा पनि खेल हेर्न बढी रुचि रहेको छ । त्यसका अलवा गीत, संगीत र साहित्य साथै नयाँ ठाउँ घुम्ने र त्यस गाउँको संस्कृती र इतिहास अध्ययन गर्ने रहर यिनमा रहेको पाइन्छ । खानामा सामान्य दालभात, तरकारी र लवाइमा पनि सामान्य सर्ट र पाइन्टमा नै यिनको रुचि रहेको छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.११ अनुभव तथा भ्रमण

जिम्मेवारी बढेको बोध र अझ राम्रो गरौं भन्ने भाव आउने बताउँछन् । त्यसैगरी यिनी नेपाल लगायत अन्य वैदेशिक स्थान तथा नेपालको ३५-४० वटा जिल्ला घुमेको अनुभव बताउँछन् । नेपाल बाहिर विभिन्न मुलुक हङकङ, दुबई, भारत आदि स्थान घुमफिर गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.१२ लेखनका लागि प्रेरणा र प्रभाव

आफ्नै संवेदनशील हृदय, सहकर्मीहरूको हौसला र अग्रज साहित्यकारहरूका साहित्यिक प्रभाव उनका लेखनका ऊर्जा हुन् । सानै उमेरदेखि तीक्ष्ण बुद्धिका मानिने मुकारुङ लेखन कार्यका लागि प्रेरक व्यक्ति कोही नभएर उनी आफैंले पढेका पुस्तकलाई लिने गर्दछन् । आरम्भ आफ्नै संवेदनशील हृदय, सहकर्मीहरूको हौसला र अग्रज

साहित्यकारहरूका साहित्यिक प्रभाव उनका लेखनका ऊर्जा हुन् । साहित्य सिर्जनाका अतिरिक्त सामाजिक संघ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । त्यसैगरी सहायक रूपमा प्रेरक व्यक्तिमा भने आफ्ना आमावुवाबाट प्रेरित भएको पाइन्छ । कृतिका रूपमा उनले २०४७ देखि थालनी २०४९ मा बालगीत रेकर्ड गराएको थिए । हाल उनी गीत संगीत क्षेत्रमै व्यस्त रहेका छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.१३ लेखनको प्रारम्भ र प्रकाशन थालनी

लेखनका लागि खासै त्यस्तो प्रेरक व्यक्ति कोही पनि नभएको बताउने मुकारुङ रविन्द्रनाथ टैगोरबाट प्रभावित रहेका छन् । आफ्नै मेहनत र बलले लेखनारम्भ गरेका मुकारुङको लेखनी कविता विधाबाट आरम्भ भएको हो । कक्षा ९ र १० मा पढ्दादेखि अर्थात् वि.सं. २०४२ देखि यिनले कविताको रचना गर्न थालेका हुन् । '२०४७ मा गीत रेकर्ड गराएर यिनी साहित्यकारका रूपमा सार्वजनिक भएका हुन् ।

उनको हालको सेवा भन्नाले छापा पत्रकारितान, रेडियो/टेलिभिजन कार्यक्रम निर्माण, सा हित्य आदि रहेको छ । अध्ययन र भ्रमणमा विशेष रुचि राख्ने मुकारुङले साहित्यका कथा र गीत पुस्तकलेखन आदि विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

१. **सायद** गीतिएल्बम, रचना (२०५२)

२. **संवेग** गीतिएल्बम/सीडी, रचना (२०५८)

३. **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह (२०६१)

४. **स्वीकृति** गीतिएल्बम/सीडी, रचना (२०६३)

५. **साहित्य, सङ्गीत, कला र पत्रकारितामा हामी,** व्यक्तित्व परिचय, (२०६३)

६. **कथा ढुङ्गैढुङ्गाको** किराँती लोककथा, (२०६४)

७. **किराँत राई जाती र मुन्दुमी सामग्री,** इतिहास-संस्कृती (२०६५)

८. **पानीको कथा** किराँती लोककथा (२०७२)

९. <u>सम्पादित कृतिहरू</u>

१०. गोरखा सैनिक आवाज मासिक (२०५८/२०६१)

११. **परदेश** अर्धबार्षिक (२०६०/२०६५)

१२. **अन्नपूर्ण मावि** स्मारिका (२०६३)

१३. **भोजपुर** स्मारिका (२०६५)

१४. **किराँत राई जातीको रीतिरिवाज** (२०६७)

## २.१४ निष्कर्ष

शुभ मुकारुङको तीन दशक लामो जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न परिवेशका बीचबाट अगाडि बढेको देखिन्छ । मुकारुङको जीवनको धेरै समय साहित्यिक लेखनमा बितेको पाइन्छ भने उनी सम्पादनमा पनि कार्यरत भएको पाइन्छ । समय परिस्थिति अनुसार कहाँबाट कहाँ पुग्ने क्रमसँगै उनी आफ्नो जन्मथलो भोजपुर जिल्लाको अन्नपूर्ण-३, दिल्पा, गा.वि.स. देखि काठमाडौँसम्म नै आइपुगेका छन् ।

# तेसो अध्याय

# शुभ मुकारुङको व्यक्तित्व

## ३.१ शुभ मुकारुङको व्यक्तित्व निर्माणको पृष्ठभूमि

व्यक्तित्व संस्कृत तत्सम नाम शब्द हो । यसको शब्दार्थबारे 'नेपाली बृहतशब्दकोशमा कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण व्यक्ति विशेषको नीजिपन वा व्यक्तिले अरुलाई प्रभावित व्यक्ति विशेषमा निहित विशेषताभन्ने उल्लेख पाइन्छ (त्रिपाठी, २०४४) । कुनै व्यक्तिको व्यक्तित्व भनेको अनेक विशेषताहरूको जटिल संगठन हो । यसलाई कुनै पनि एक निश्चित प्रकारमा वाड्न सकीदैन तापनि व्यवहारिक सुविधाको लागि विभिन्न आधारहरूमा मानवीय व्यक्तित्वको वर्गीकरण गरिएको हुन्छ र व्यक्तित्वको निर्धारणमा वंशानुक्तम, जैविक र सामाजिक तत्वको महत्वपूर्ण प्रभाव रहन्छ । यस्ता जैविक निर्धारकहरूमा वंशानुक्रम, शारिरीक गठन र स्वभाव, शरीर रसायन र स्नायुमण्डलबारे विशेष हात रहन्छ भने सामाजिक निर्धारकहरूमा जीवनका प्रारम्भिक वर्षको प्रभाव परिरहेको हुन्छ । यसैगरी मानवीय व्यक्तित्वको निर्माणको पारिवारिक रहनसहन, भेषभुषा, विचार र व्यवहार जस्ता सांस्कृतिक कुराहरूको विशेष भूमिका रहन्छ (गौतम, २०७४) ।

त्यस्तैगरी मनोवैज्ञाविक आधारमा व्यक्तित्वलाई अन्तर्मुखी र वहिर्मुखी गरी २ भागमा वाँडेर पनि हेर्न सकिन्छ । अन्तर्मुखी व्यक्तित्व सफल साहित्यकार र दार्शनिकमा पाइन्छ भने वहिर्मुखी व्यक्तित्व सफल नेता र कार्यकर्तामा हुन्छ । यसै पृष्ठभूमिमा साहित्यकार शुभ मुकारुङका व्यक्तित्व निर्माणको पृष्ठभूमिलाई केलाएर आधार पहिल्याउने हो भने उनको पारिवारिक जीवन र जगतको इतिहासको अध्ययन र विश्लेषण गर्नुपर्दछ । यसै पृष्ठभूमिमा साहित्यकार शुभ मुकारुङ मध्यम वर्गीय परिवारमा हुर्किएका नेपाली पुरुष हुन् । मुकारुङको व्यक्तित्वलाई मूल रूपमा वाह्य र आन्तरिक गरी दुई किसिमले विभाजन गर्न सकिन्छ (पाण्डे, २०६३) ।

## ३.२ शुभ मुकारुङको बाह्य व्यक्तित्व

सामान्यतया वाह्य व्यक्तित्व भन्नाले कुनै पनि मान्छेको शरीर संगठन, रूप, रङ्ग, आकारप्रकार र लवाइखुवाई एवं वोलचाललाई बुझ्नुपर्दछ । शुभ मुकारुङ गहुँगोरो वर्णका,

उज्यालो मोहोडा, ठूलो निधार, मिलेका आँखा, कालो कपाल, पाँच फिट छ इन्च उचाई र हँसिलो मुखाकृति भएका राईको सौन्दर्य मध्यम मुकारुङ वंशजकै रहेको छ । प्रायः सट पाइन्टमा हिड्न रुचाउने शुभ मुकारुङमा गम्भीरता पाइन्छ । भावुक र गम्भीर प्रकृतिको जस्तो लाग्ने शुभ मुकारुङको शरीर, रूप र वर्ण उच्च नै देखिन्छ ४७औं वसन्तपार गरेका मुकारुङको तौल ७० के.जी रहेको छ (शोधव्यक्तिको अन्तर्वार्तामा आधारित) ।

## ३.३ शुभ मुकारुङको आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भन्नाले भावात्मक कुरा हो । अनुमानित गरेर यसको परिचय दिनुपर्ने हुनाले र साधारणतया सवैजसो मान्छेका धेरै थोरै शील, स्वभाव, चिन्तन मनन् एवं आचरण प्रवृत्तिहरू मिल्दाजुल्दा नै देखिने हुनाले कुनै मान्छेको स्पष्ट र पृथक आन्तरिक व्यक्तित्व हुन सक्छ । यस प्रसङ्गमा मानवीय आन्तरिक व्यक्तित्व भन्नाले साझा मानवीय आन्तरिक प्रवृत्ति अर्थात् आचार विचार चिन्तन मनन र व्यवहारलाई लिनुपर्दछ । आन्तरिक व्यक्तित्वनै वास्तविक मूल्य हो । यसै क्रमममा शुभ मुकारुङको आन्तरिक व्यक्तित्व भावुक, शान्त र गम्भीर प्रकृतिको पाइन्छ । सफा मन, सरल व्यवहार र चिन्तनशीलता शुभ मुकारुङको आन्तरिक व्यक्तित्वका निर्धारक तथ्यहरू हुन् । आवश्यक भन्दा वढी नवोल्ने भएकाले सहज रूपमा बुझ्न गाह्रो परेकोले उनलाई अन्तर्मुखी स्वभावका मान्न सकिन्छ । चाकरी चाप्लुसीमा विश्वास नराख्ने मुकारुङको स्वभाव अन्तर्मुखी भएपनि उनी एक स्पष्ट वक्ता हुन् । मुकारुङ निरन्तर रूपमा साहित्य सिर्जनामा लागि परिरहने दृढ अठोट गर्दछन् ।

## ३.४ शुभ मुकारुङको व्यक्तित्वका विभिन्न पाटाहरू

कुनैपनि मानिसको व्यक्तित्व उसका जीवनमा हुने उतार चढाप, क्रियाप्रतिक्रिया र जीवन भोगाइका क्रममा आउने परिस्थीतिविच नै निर्भर हुने गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक एवं राजनैतिक पृष्ठभूमि शिक्षादीक्षा, रुचि, पेशा र जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । यिनै कुराका अधारमा हेर्दा शुभ मुकारुङको व्यक्तित्वका विभिन्न पाटाहरू देखापर्दछन् । तिनलाई यहाँ साहित्यिक र साहित्येत्तर व्यक्तित्व गरी मूल रूपमा दुईवटा व्यक्तित्वमा विभाजन गरी अध्ययन गरिएको छ (शोधव्यक्तिको अन्तर्वार्तामा आधारित) ।

### ३.४.१ साहित्यिक व्यक्तित्व

साहित्यकार शुभ मुकारुङको सिर्जनाका क्षेत्रमा कविता तथा कथाविधा र गीत लेखन विधा पर्दछन् । तसर्थ कवि व्यक्तित्व र गीतकार व्यक्तित्व गरी दुई प्रकारका व्यक्तित्वका रूपमा यिनको व्यक्तित्वको अध्ययन गरिएको छ ।

#### ३.४.१.१ कथाकार व्यक्तित्व

शुभ मुकारुङको नेपाली साहित्यको क्षेत्रमा अघि बढ्ने क्रममा गीत लेखनको प्रयास सँगसँगै गरे पनि कथाकारका रूपमा भने केही पछि परेको देखिन्छ । शुभ मुकारुङले कथा लेख्ने क्रममा विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना कथाहरू प्रकाशित गरेका छन् । उनले **साहित्य, सङ्गीत, कला र पत्रकारितामा हामी,** व्यक्तित्व परिचय, (२०६३), **कथा ढुङ्गैढुङ्गाको** किराँती लोककथा, (२०६४), **किराँत राई जाती र मुन्दुमी सामग्री,** इतिहास-संस्कृती (२०६५), **पानीको कथा** किराँती लोककथा (२०७२), जस्ता कथाहरू पत्रपत्रिकाहरूमा प्रकाशित भइ सकेका छन् । उनका कथाहरूमा सामाजिक विषयवस्तुलाई केन्द्रविन्दु बनाएको पाइन्छ । उनका कथाले निम्नवर्गको प्रतिनिधित्व गरेको छ । समाजमा लोकसंस्कृतिमा आधारित समाजको चित्रण गरिएको पाइन्छ । उनले आफ्ना कथाको विषय वस्तु आफ्नै समाजको रितिरिवाज र सस्कृति झल्काउने गरेको पाइन्छ ।

यसरी मुकारुङका कथाहरूमा लोक साँस्कृतिक विषयवस्तु ग्रहण गरिएको छ । सामाजिकता, मनोवैज्ञानिकता आदिजस्ता पृष्ठभूमिसँगै सरल प्रवाहमा भाषामा पात्रहरूका सामाजिक सांस्कृतिको मान्यता केलाउने क्रममा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गर्नु नै प्रज्ञाको कथाकारिता हो । मुकारुङले सामाजिक, सांस्कृतिक सत्यतासहित पात्रहरूको माध्यमबाट तिनका जीवनको सत्यता प्रस्तुत गर्दै आफ्नो विचारलाई पनि समावेश गर्ने गरेका छन् । त्यसैले उनका कथाहरूमा परम्परित विषयवस्तुको लोकसस्कृतिसाथै आधुनिक विषयवस्तुको पनि चित्रण गर्ने कोसिस गरिएको पाइन्छ । मुकारुङले नेपाली साहित्य जगतको कथा विधामा आफूलाई अगाडि बढाउने क्रममा अनेकौ कथा सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा राखेको पाइन्छ । यस कथा सङ्ग्रहले मुकारुङलाई कथाकार शुभ मुकारुङको रूपमा चिनाउन सकोस् (शोधनायकबाट प्राप्त जानकारी) ।

यसरी फुटकर रूपमा तथा कृतित्व रूपमै दुई वटा विशुद्ध कथा, गीतका संग्रह तथा सम्पादनमा पनि प्रकाशनमा आएको छ । मूलतः गीतकारका क्षेत्रमा प्रसिद्धि कमाए पनि यिनका कथा सशक्त र उच्च कोटिका रहेका छन् । यस कुराले यिनी गीतकारका रूपमा मात्र नभई कथाकार व्यक्तित्वका रूपमा पनि नेपाली साहित्यका फाँटमा परिचित छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.४.१.२ गीतकार व्यक्तित्व

वि.सं २०६१ मा 'पुग्नु कहाँ थियो' नमक गीतसंग्रह प्रकाशनमा ल्याई मुकारुङ गीतकारका रूपमा सार्वजनिक भएका हुन् । प्रथमतः **सायद** गीतिएल्बम, रचना (२०५२) प्रकाशन गरेका कवि मुकारुङ गीतकार व्यक्तित्वका रूपमा पनि परिचित हुन पुगेका हुन् । उनका हालसम्म प्रकाशन भएका गीतहरू **सायद** गीतिएल्बम, रचना (२०५२), **संवेग** गीतिएल्बम/सीडी, रचना (२०५८), **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह (२०६१), **स्वीकृति** गीतिएल्बम/सीडी, रचना (२०६३) आदि रहेका छन् ।

### ३.४.१.३ सम्पादक व्यक्तित्व

नेपाली साहित्यका क्षेत्रमा सुपरिचित शुभ मुकारुङ लेखनका अलावा सम्पादन क्षेत्रमा पनि उत्तिकै परिचित छन् । उनका पाँचवटा सम्पादन पुस्तक प्रकाशन भएका र फुटकर प्रकाशनहरू पनि रहेको पाइन्छ । उनका हालसम्मका सम्पादन कृतिहरूमा **सम्पादन** गोरखा सैनिक आवाज मासिक (२०५८/२०६१), **परदेश** अर्धबार्षिक (२०६०/२०६५), **अन्नपूर्ण मावि** स्मारिका (२०६३), **भोजपुर** स्मारिका (२०६५), **किरात राई जातीको रीतिरिवाज (२०६७)** आदि मुकारुङको आफ्नै सम्पादन हो ।

### ३.४.१.४ लेखक व्यक्तित्व

शुभ मुकारुङले विभिन्न विधामा कलम चलाएका छन् । उनले कथा, गीत पुस्तकलेखन आदि कृतिहरूको रचना गरेको पाइन्छ । रचनाहरूका आधारमा उनलाई स्वच्छन्दवादीका साथै सामाजिक यथार्थवादी साहित्यकार भन्न सकिन्छ । उनका कृतिहरूमा सामाजिक विसङ्गतिको विरोध र राजनीति प्रतिको आक्रोश व्यक्त भएको पाइन्छ । मुकारुङ आधुनिक दृष्टिकोण, विचार धारा भएको साहित्यकार हुन् । मधुपर्क, कान्तिपुर, गरिमा,

साधना, स्मारिका आदि पत्रपत्रिकाहरूमा उनका फुटकर गीत, कथाहरू प्रकाशन भई नै रहेका छन् ।

हाल शुभ मुकारुङ आफ्ना विभिन्न खाले गीतहरू प्रकाशनको मेलो मिलाइरहेका छन् । यसरी कतिपय प्रकाशित तथा अप्रकाशित अवस्थामा मुकारुङले विभिन्न पुस्तक साथै कथा, गीतहरू तयार गरेका छन् ।

### ३.४.२ शुभ मुकारुङको साहित्येतर व्यक्तित्व

साहित्यका क्षेत्रमा लागेर आफ्नो प्रतिभालाई स्थापित गर्न सफल मुकारुङ साहित्यका अलावा विविध क्षेत्रमा रहँदै आएका छन् । शुभ मुकारुङको साहित्येत्तर व्यक्तित्व पनि उल्लेखनीय रहेको छ । उनको समग्र जीवनी र व्यक्तित्वको अध्ययनको क्रममा साहित्येत्तर व्यक्तित्व पनि गरिमापूर्ण नै रहेको पाइन्छ । यस अन्तर्गत उनको सामाजसेवि व्यक्तित्व, साहित्यिक तथा सम्पादन व्यक्तित्व, व्यक्तित्वको अध्ययन गर्न सकिन्छ । मुकारुङ बहुमुखी प्रतिभाका धनी हुन् । भाषा र साहित्यमा विशेष किसिमको सङ्लग्नता रहे पनि साहित्येतर क्षेत्रमा उनले आफ्नो भूमिकालाई सफलतापूर्वक निर्वाह गर्दै आएका छन् । साहित्यिक व्यक्तित्वमा विविध पक्ष भएजस्तै उनको साहित्येतर व्यक्तित्वको पनि विविध पक्ष रहेका छन् । यीमध्ये साहित्येतर व्यक्तित्वमा आउने केही उल्लेखनीय पक्षलाई निम्नानुसार चर्चा गरिने छ :

#### ३.४.२.१ राजनीतिक व्यक्तित्व

शुभ मुकारुङको विद्यार्थी जीवनमा राजनीतिमा सामान्य सहभागिता थियो । उनका बुबाको राजनीतिक रूपमा जिल्लासम्मको पहुँच भए तापनि मुकारुङमा राजनीतिप्रति त्यति लगाव भएन । त्यतिबेला पञ्चायती व्यवस्थाको निरङ्कुश शासन सत्ता भए तापनि यदाकदा मुकारुङ विद्यार्थी आन्दोलनमा सहभागी भएका थिए । उनी पार्टीगत रूपमा भन्दापनि प्रायसबै पार्टीलाई सुभेक्षा दिदै राम्रो राजनीतिक व्यक्तिले शासनसत्ता लिएमात्रै देशले दिगो रूपमा विकास र शान्तिको खाका कोर्न सक्छ भन्ने विचारका शुभ मुकारुङ पार्टीगत वैचारिक भन्दा पनि प्राय तठस्त हुने गर्दछन् (शोधनायकको जानकारी अनुसार) ।

त्यसपछिका दिनहरूमा क्रमशः झनै राजनीतिक जीवनबाट पलायन भएका मुकारुङ हाल राजनीतमा निष्कृय रहेका छन् । विचार, सिद्धान्त र दर्शन भएका राजनीतिक दल र राजनेता मन पराउने मुकारुङ प्राय सवै राजनीतिक दलप्रति सद्भाव रहेको बताउछन् । साथै मुकारुङको राजनीतिबाट टाढा रहेर नै विशुद्ध साहित्यकारका रूपमा परिचित हुने इच्छा व्यक्त गर्दछन् ।

### ३.४.२.२ समाजसेवी व्यक्तित्व

समाज मानिसको अभिन्न आधार क्षेत्र हो । समाज विनाको मानिस र मानिस विनाको समाजको परिकल पना पनि गर्न सकीदैन । त्यसैले मानिसलाई सामाजिक प्राणी भनिन्छ । समाजमा रहदाबस्दा हरेक मानिस आफूलाई राम्रो सम्मानित बनाउन चाहान्छन् चाहे सामाजिक कार्यको कुनै पनि समाज सेवाको भावनामा प्रशस्त पाइन्छ । उनीबाट भएको साहित्यसेवालाई पनि राष्ट्र र समाजकै ठूलो सेवा मान्न सकिन्छ । जीवनभर भाषा सेवी र साहित्यको साधक भएर उनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा  भएपनि विभिन्न संघ-सस्थामा संलग्न भएर व्यवस्थापन र गोष्ठी संयोजन गरेर राष्ट्र, समाज, भाषा र साहित्यको सेवामा आफूलाई समर्पित गरेका छन् । यस सेवालाई पनि उनको समाजसेवाकै महत्वपूर्ण पक्ष भन्न सकिन्छ । उनलाई एक समाजसेवी व्यक्तित्वको रूपमा मान्न सकिन्छ (श्रीमती रमिला चाम्लिङबाट प्राप्त जानकारी अनुसार) ।

### ३.३.२ धार्मिक/सांस्कृतिक व्यक्तित्व

शुभ मुकारुङ धार्मिक सांस्कृतिक चरित्र बोकेका हुनाले उनले धार्मिक र सांस्कृतिक व्यक्तित्व समेत प्राप्त गरेका छन् । धार्मिक पृष्ठभूमि भएको उनको परिवार नै उनको यस व्यक्तित्वका लागि प्रथम प्रेरणाको स्रोत बनेको देखिन्छ । मुकारुङको परिवार धार्मिक सांस्कृतिक गतिविधिहरूमा भाग लिने र आफूले सकेको सेवा सहयोग गर्ने गर्दथ्यो । यसको प्रभाव स्वरूप मानवता नै धर्म हो भन्ने भाव उनमा जागृत भएको थियो । मुकारुङ दीनदुःखीहरूको सेवा गर्नु नै सबैभन्दा ठूलो धर्म ठान्दछन् । धार्मिक तीर्थस्थल भ्रमण गर्ने र सांस्कृतिक गतिविधिहरूमा सहभागी हुने मुकारुङको घर-परिवारको वातावरण पनि आजसम्म संस्कृतीप्रेमी रहेको देखिन्छ (श्रीमती रमिला चाम्लिङबाट प्राप्त जानकारी) मुकारुङ धार्मिक र सांस्कृतिक व्यक्तित्व मूल्याङ्कन योग्य व्यक्तित्वको रूपमा देखा परेका छन् ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तर्सम्बन्ध

शुभ मुकारुङको चार दशक लामो जीवन सामाजिक राजनैतिक अस्थिरता, जटिल परिवेश र समस्यायुक्त भोगाइमा चलेको देखिन्छ । यही परिस्थिति र गुणात्मक ढङ्गका समाज सुधारक कुशल शिक्षकका रूपमा विभिन्न गतिविधिले गर्दा घुमेका क्षेत्रहरू, धार्मिक र सांस्कृतिक कार्यक्रममा सहभागी हुन पुगेका स्थानहरू, साहित्यिक क्रियाकलापहरू आदि अवसरमा प्राप्त अनुभवले व्यक्तित्व निर्माण भएको छ । उनको जीवनशैलीले निर्माण गरेको सार्वजनिक व्यक्तित्वको सिङ्गो साहित्यिक लेखनलाई डोऱ्याएको छ । उनको साहित्यिक व्यक्तित्व कथाकार, गीतकार, व्यक्तित्वमा केन्द्रित भई अघि बढेको देखिन्छ । उनका कृतिहरूमा उनी स्वयम्‌को जीवन भोगाइको अनुभव र सामाजिक रीतिरिवाजको नाममा हुने गरेको विसङ्गत पक्षको विरोधको झल्का पाइन्छ । आफ्नो जीवनमा आइपरेका सामाजिक प्रभाव नै शुभ मुकारुङको साहित्य लेखनमा प्रथम प्रेरक तत्त्व बन्यो । पारिवारिक वातावरण, शैक्षिक वातावरण, जीवन भोगाईका विभिन्न अनुभव तथा अग्रजहरूबाट प्राप्त प्रेरणाले मुकारुङको लेखन कार्यमा सक्रियता आएको पाइन्छ ।

उनका साहित्यिक रचनामा समाजको पीडा, व्यथा, रोदन तथा नवीन दिशावोध, वास्तविक जीवन भोगाइ, र उनका पीडा, वेदना मनोभावना, राष्ट्रप्रेम, प्रकृति प्रेम, सांस्कृतिक प्रतिको मोहआदि भावना पाइन्छन् । साहित्य सिर्जनामा स्वच्छन्द भावनाले सरल र सहज अभिव्यक्ति दिँदै आफ्नो मौलिक शैलीको वर्चस्व कायम राख्न सिपालु मुकारुङको जीवन करिब तीन दशक लामो समय साहित्य सिर्जनामै बिताएको पाइन्छ । शिक्षित, सचेत, सजग, जोशिलो, जाँगरिलो देखिने मुकारुङ अझै साहित्य साधनमा तल्लीन छन् र उनको जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तः सम्बन्ध स्थापना भएको देखिन्छ ।

## ३.५ निष्कर्ष

शुभ मुकारुङ स्वयम्‌को प्रतिभा प्रस्तुतीकरणद्वारा निर्माण भएको उनको व्यक्तित्व साहित्यिक, सामाजिक, धार्मिक आदि छन् । नेपाली साहित्यको क्षेत्रमा कथा, गीत तथा पुस्तकलेखन लगायतका विविध विधामा हात हालेर आफ्नो साहित्यिक व्यक्तित्वको पहिचान दिई सकेको शुभ मुकारुङले विभिन्न सामाजिक तथा धार्मिक कार्यहरूमा सहभागी भई सामाजिक र धार्मिक व्यक्तित्वको निर्माण गरेका छन् । यसकारण उनलाईलाई साहित्यिक,

सामाजिक र धार्मिक-सांस्कृतिक व्यक्तित्वको सही पहिचान दिन सक्ने एक महत्त्वपूर्ण व्यक्तित्त्वका रूपमा लिन सकिन्छ ।

शुभ मुकारुङ निम्न मध्यम परिवारमा जन्मेका हुन् । अध्ययनका लागि विविध स्थानमा पुगेका मुकारुङले जीवन सहज र सरल तरिकाले बिताएको पाइन्छ । यिनले साहित्यका कथा र पुस्तकलेखन विधामा कलम चलाएका भएपनि हाल गीतकारका रूपमा मात्र उपलब्ध छन् । यिनले साहित्यका विविध विधामा कलम चलाए पनि गीतलेखनलाई यिनले आफ्नो प्रमुख विधा बनाएका छन् । त्यसैले यिनी प्रसिद्ध गीतकारका रूपमा नेपाली साहित्यमा परिचित भएका छन् ।

# चौथो अध्याय

# शुभ मुकारुङको कृतित्व

## ४.१ विषयप्रवेश


साहित्यकार शुभ मुकारुङले नेपाली साहित्यका कथा, पुस्तक र गीत विधामा कलम चलाएर आफूलाई सफल साहित्यकारका रूपमा क्रियाशील राखेको छन । गुणत्मक रूपमा उनी नेपाली कविता तथा गीतका क्षेत्रमा परिचित रहेका छन । आयामका हिसाबले उनका कविताहरू, गीती सङ्ग्रह तथा फुटकर गीतस्तरका रहेका देखिन्छन । विद्यालयमा अध्ययन अवस्था देखि उनलाई साहित्य विधाले विशेष आकर्षण गरेको थियो । त्यस समयमा मुनामदन अध्ययन गर्दा उनलाई गीतिकविताले छाप परेको थियो । भोजपुरको ग्रामीण एवं् प्राकृतिक परिवेश तथा विद्यालयका शिक्षक र त्यहाँको साहित्यक वातावरणबाट प्रभावित भइ कथा तथा गीत लेखनमा लागेका हुन भन्ने कुरा पुष्टि हुन आउँछ ।

उनका हालसम्मका कृतिहरूमा **सायद** गीतिएल्बम, रचना (२०५२), **संवेग** गीतिएल्बम/सीडी, रचना (२०५८), **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह (२०६१), **स्वीकृति** गीतिएल्बम/सीडी, रचना (२०६३), **साहित्य, सङ्गीत, कला र पत्रकारितामा हामी,** व्यक्तित्व परिचय, (२०६३), **कथा ढुङ्गैढुङ्गाको** किराँती लोककथा, (२०६४), **किराँत राई जाती र मुन्दुमी सामग्री,** इतिहास-संस्कृती (२०६५), **पानीको कथा** किराँती लोककथा (२०७२), **सम्पादन कृतिहरूमा सम्पादन** गोरखा सैनिक आवाज मासिक (२०५८/२०६१) , **परदेश** अर्धबार्षिक (२०६०/२०६५), **अन्नपूर्ण मावि** स्मारिका (२०६३), **भोजपुर** स्मारिका (२०६५) र **किरात राई जातीको रीतिरिवाज (२०६७)** आदि रहेका छन् । २०६१ सालमा प्रकाशित यस गीत सङ्ग्रहलाई आदिवासी गीतकार समाजले प्रकाशन गरेको हो । २०४७ साल देखि गीतहरू तथा कविताहरू रचना गरेका शुभ मुकारुङका हालसम्म १ ओटा गीती सङ्ग्रह र अन्य फुटकर गीत रचना भएका छन । उनका गीती एल्वमहरूमा **सायद** गीतिएल्बम, रचना (२०५२), **संवेग** गीतिएल्बम/सीडी, रचना (२०५८), **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह (२०६१), **स्वीकृति** गीतिएल्बम/सीडी, रचना (२०६३) आदि रहेका छन् ।

### ४.१.१ गीत विश्लेषणको सैद्धान्तिक प्रारूप

कुनै भाव, विचार वा घटनाको सरल, संक्षिप्त, आख्यानरहित आत्मनिष्ठ र एकान्वित अभिव्यक्ति भएको विशिष्ट लयात्मक एवं गेयात्मक भाषिक संरचनालाई गीत भनिन्छ (लुइटेल, २०५८) गीतको प्रचलन नेपालमा भएता पनि यसको अध्ययन र मूल्याङ्कन कम भएको पाइन्छ। आधुनिक संख्यावादी सिद्धान्त अनुसार त झन कम भएको पाइन्छ। गीतको विश्लेषणका लागि सर्वप्रथम प्रारूप तयार पार्नुपर्ने हुन्छ र यसका लागि गीतको स्वरूप तयार पार्नुपर्ने हुन्छ र यसका लागि गीतको स्वरूप बुझ्नु पर्ने  हुन्छ। कृतिको विश्लेषण एवं मूल्याङ्कन गर्ने सुव्यवस्थित प्रक्रिया र सूनिश्चितता संहिता वा नियमको रूपरेखालाई प्रारूप भनिन्छ (लुइटेल, २०५८)। यो कुनै न कुनै सिद्धान्त वा दृष्टिकोणको अवधारणाका आधारमा तयार पारिएको हुन्छ। यहाँ संरचनावादी अवधारणका आधारमा प्रारूप तयार पारिएको छ। गीतविश्लेषणको यस प्रारूपका आधारमा सबै प्रकारका गीतको विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ।

गीतको विश्लेषण र मूल्याङ्कनका लागि नेपाली भाषामा कम मात्रामा चर्चा भएको पाइन्छ। विभिन्न विद्धानहरूले विभिन्न समयमा विविध अवधारणा प्रस्तुत गरेता पनि तिनले गीतको समग्र पक्षको अध्ययन गर्न सकिरहेका थिएनन। यसरी गीत विश्लेषणको समग्रतालाई समेट्न हाम्रो देश हाम्रै भविष्य नामक गीत सङ्ग्रहको "पुराना पिढीका नयाँ कवि हरिभक्त बुढाथोकी को सिर्जनधर्मिता शीर्षकको भूमिका लेख्ने क्रममा प्रस्तुत गरेको संरचनावादी अवधारणा उपयुक्त रहेको छ। उनको गीत विश्लेषण सम्बन्धी आधार निम्नानुसार तल प्रस्तुत गरिन्छ (लुइटेल, २०५८)।



प्रणयमुलक/रागात्मक
वस्तु/भाव/विचार
प्रणयेतर/रागेतर
वैयक्तिक
पर्याधार
सामाजिक
वृत्तात्मक
ढाँचा
चक्रात्मक
भाषाशैलीय विन्यास
भाषा
शैली
अलंकार
अभिव्यक्ति
सङगीतात्मक
वक्तव्यपरक
प्रस्तुति
सम्बोधनात्मक
बिम्ब/प्रतिक अलंकार
लय/गेयता/ सङगीतात्मक
अग्रभुमीकरण

यसरी गीत विश्लेषणका लागि कुनै गतिलो आधार नरहेको अवस्थामा खगेन्द्रप्रसाद लुइटेलले प्रस्तुत गरेको यस अवधारणा उपयुक्त रहेको छ । गीतमा समावेश गरिएका विषयवस्तुको अध्ययन गर्न सकिने यसै अवधारणालाई आधार मानेर कविराज बान्तवाका गीतहरूको विश्लेषण गरिएको छ । तिनको संक्षिप्त परिचय तल प्रस्तुत गरिन्छन :

### ४.१.१.१ वस्तु/भाव वा विचार

गीतको वस्तुको भाव/विचार, घटना वा यसको मूलवस्तु मूलकथ्य वा बीज विचारलाई बुझाउँछ । यो अनेक प्रकारको भएतापनि मूलतः प्रेम प्रणयात्मक रागात्मक र प्रणयेतर, रागेतर गरी २ प्रकारले वर्गीकरण गर्न सकिन्छ (लुइटेल, २०५८) ।

### क. प्रणयात्मक/रागात्मक विषयवस्तु

प्रणयमूलक विषयवस्तु मूलतः प्रेम, मिलन, वियोग, विरह वेदना जस्ता मानवीय सम्बन्ध सँग सम्बन्धित हुन्छ (लुइटेल, २०५८) । यस्तो विषयवस्तु प्रेमपरक पनि हुन्छ र वियोगमूलक पनि हुन्छ ।

### ख. प्रणयेतर/रागेतर विषयवस्तु

यस प्रकारका गीतहरू मानविय प्रेम भन्दा भिन्न मानवीय, जीवनसँग सम्बन्धित हुन्छन । यसमा मिलन, विछोडसँग सम्बन्ध नभएर सामाजिक सांस्कृतिक सन्दर्भहरू रहेका हुन्छन (लुइटेल, २०५८) ।

### ४.१.१.२ पर्याधार

विषयवस्तुको फैलावटलाई पर्याधार भनिन्छ । प्रत्येक गीतमा आ-आफ्नै पर्याधार हुन्छ र यसैभित्र रहेर गीतको कथ्य फिजिएको हुन्छ । यो वैयक्तिक र सामाजिक गरी दुई प्रकारको हुन्छ । (लुइटेल, २०५८)

**क. वैयक्तिक पर्याधार**

अन्तरमुखी अनुभुतिको भावनात्मक अभिव्यक्ति भएको गीतलाई वैयक्तिक पर्याधारयुक्त गीत भनिन्छ । गीतकारको आफ्नै मनको अनुभूति प्रकट हुने यस्ता गीत व्यक्तिगत घेरा भित्र सिमित हुन्छन (लुइटेल, २०५८) ।

**ख. सामाजिक पर्याधार**

बहिर्मुखी अनुभूति र मानवीय जीवन वा समाजका मार्मिक पक्षको प्रस्तुति भएको गीतलाई सामाजिक पर्याधारयुक्त गीत मानिन्छ । बाह्य जगतमा विषयवस्तुलाई समेटेका यस्ता गीतहरूले सत्यतालाई पनि अंगालेका हुन्छन (लुइटेल, २०५८) ।

**४.१.१.३ ढाँचा**

गीतको स्वरूपगत बनोटलाई ढाँचा भनिन्छ । यसलाई गीतको आकार वा स्वरूप पनि भन्न सकिन्छ । यो वृत्तात्मक र चक्रात्मक गरी २ प्रकारको हुन्छ (लुइटेल, २०५८) ।

**क. वृत्तात्मक ढाँचा**

केन्द्रीय भाव वा विचारको पुनरावृतीय विस्तार भई उही भावनामा समाप्त गरिएका गीतको ढाँचा वृत्तात्म हुन्छ । गीतको आरम्भको भाव र अन्त्यको भाव एउटै भएमा वृत्तात्मक ढाँचायुक्त हुन्छ । जुन विषयवस्तुलाई गीतको आरम्भमा प्रस्तुत गरिएको हुन्छ । सोही विषयवस्तु गीतको अन्त्यमा पनि आउँछ भने त्यसलाई वृत्तात्मक ढाँचा भनिन्छ ( लुइटेल, २०५८) ।

**ख. चक्रात्मक ढाँचा**

चक्रात्मक ढाँचा भएको गीतमा विषय वस्तुको भाव वा प्रस्तुति नागबेली ढङ्गमा विस्तार भई गीतको आरम्भमा आएको विषयवस्तु विस्तारै जेलिदै गएको हुन्छ (लुइटेल,

२०५८) ।

### ४.१.१.४ भाषाशैलीय विन्यास

गीतमा प्रयुक्त विषयवस्तुलाई क्रमवद्ध रूपले मिलाएर राख्ने क्रमलाई विन्यास भनिन्छ । यस अन्र्तगत अभिव्यक्ति प्रस्तुति, भाषाशैली,लय, संङ्गीत,गेयता र अग्रभूमीकरण पर्दछन । गीतको भाषा अत्यन्त सरल, लयालु, हुन्छ । यिनीहरूको चर्चा कमश : तल प्रस्तुत गरिन्छ (लुइटेल, २०५८) ।

### ४.१.१.४.१ अभिव्यक्ति

अभिव्यक्ति भनेको सम्बोधनका माध्यमबाट गीतको वर्णन गरिनु वा अभिव्यक्त गरिनु हो । यो एकलापीय र संवादात्मक गरी २ प्रकारको हुन्छ (लुइटेल, २०५८) ।

**क. एकलापीय**

एकलापीय गीत भनेको वर्णनकर्ता वा सम्बोधनका माध्यमबाट अभिव्यक्ति गरिने प्रथम पुरुष प्रधान गीत हो । एकलापका रूपमा संरचित गीत कसैप्रति उद्रिष्ट हुन पनि सक्छ र नहुन पनि सक्छ (लुइटेल, २०५८) ।

**ख. संवादात्मक**

एकभन्दा बढी पात्रका मुखबाट भनाइने गीत संवादात्मक गीत हो । यस्ता गीतमा वक्ता र श्रोता परिवर्तन भई वक्ता श्रोता र श्रोता हुने क्रम चलिरहन्छ । यसमा वक्ता एक भन्दा बढी हुन्छन भने एकअर्काबीच संवाद हुँदै भावना, विचार वा अभिव्यक्तिको समर्थन खण्डन, सोधाइ आदि हुन्छ (लुइटेल, २०५८) ।

### ४.१.१.४.२ प्रस्तुति

गीतलाई अरुका सामु उपस्थापन गर्ने तरिका नै प्रस्तुति हो । भाषाशैलीय विन्यास अन्र्तगत आउने यो वक्तव्यपरक र सम्बोधनात्मक गरी २ प्रकारको हुन्छ (लुइटेल, २०५८) ।

**क. वक्तव्यपरक**

बाह्य वा आन्तरिक अनुभूतिको बयान वा वर्णन वक्तव्यका रूपमा भएको गीत नै वक्तव्यपरक गीत हो । यसमा सर्जकले आफ्ना मनका भावहरू वक्तव्यका रूपमा व्यक्त गरेको हुन्छ । यस्ता गीतमा रचनाकारले कसैप्रति सम्बोधन नगरी आफ्ना भनाई वा वक्तव्यालाई क्रमशः प्रस्तुत गरेको हुन्छ । आफ्ना इच्छा, गुनासा वा दुखेसोलाई गीतमा सम्बोधन रहित तरीकाले प्रस्तुत गरिएको हुन्छ (लुइटेल, २०५८) ।

**ख. सम्बोधनात्मक**

पत्र वा सहभागीलाई सम्बोधन गरिएको गीत नै सम्बोधनात्मक प्रस्तुति भएको गीत हो । यस्ता गीतमा सम्बोधित वस्तु सजिव/निर्जिव जे पनि हुन सक्छ (लुइटेल, २०५८) ।

**४.१.१.५ बिम्ब/प्रतीक/अलङ्कार**

बिम्ब, प्रतीक, अलङ्कार पनि भाषाशैलीय विन्यास अन्तर्गत आउँछन । गीतमा सरल, सुबोध बिम्ब प्रतीक एवं अलङ्कारको प्रयोग गरिन्छ । गीतको विश्लेषण गर्दा यसलाई विशेष ध्यान दिनुपर्छ (लुइटेल, २०५८) ।

**४.१.१.६ लय/गेयता/सङ्गीतात्मक**

यी तत्व गीतमा अर्न्तभूत भएर रहेका हुन्छन । गीतमा प्रयुक्त गेयता सङ्गीतसँग सम्बन्धित हुन्छ । यी कुराहरू गीतका अनिवार्य घटक हुन (लुइटेल, २०५८) ।

**४.१.१.७ अग्रभूमीकरण**

पठकको ध्यानाकर्षण हुने गरी नवीन र विशिष्ट ढङ्गले गरिने भाषिक प्रयोगलाई अग्रभूमीकरण भनिन्छ (लुइटेल, २०५८) ।

यसैगरी गीतको विश्लेषणका लागि अन्य तत्वहरू पनि जस्तै सहभागी, परिवेशलाई पनि लिएर त्यो गीतको विश्लेषणका लागि सम्पूर्णतामा पूर्ण हुन्छ भन्ने संरचनावादी धारणा रहेको छ ।

### ४.१.२ शुभ मुकारुङको "पुग्नु कहाँ थियो" गीतसङ्ग्रहको विश्लेषण

**पुग्नु कहाँ थियो** गीतसङ्ग्रह वि.सं.२०६१ सालमा आदिवासी गीतकार समाज नेपालले प्रकाशन गरेको हो । यस सङ्ग्रहभित्र ३३ वटा गीतहरू समावेश गरिएका छन् । यस सङ्ग्रहमा प्रणय प्रेम, पिरतीमा धोखा खाँदाको बेदना, जीवनको निस्सारता दुःख र कष्टहरू, सामाजिक यथार्थता, प्रकृति चित्रण, जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । राष्ट्रिय गीत तथा आधुनिक गीत, रोमान्टिक खालका गीतहरू रहेका छन । यसको संगीतकार नातिकाजी, दिव्य खालिङ, नोर्बु छिरिङ, बुलु मुकारुङ, शक्तिवल्लभ, न्ह्यु बज्राचार्य, मानसिं थुलुङ, दिनेश शुब्बा, भरत लामा, वसन्त मुकारुङ, सचिन सिंह, शान्तिराम राई, नारायण ओली पारस मुकारुङ, गणेश पराजुली, गणेश गुरुङ, बलराम समाल, पविचध खालिङ, दिनेश वान्तवा आदि रहेको पाइन्छ । त्यसगरी गायक/ गायिकाहरू दीप श्रेष्ठ, सुकमित गुरुङ लगायत थुप्रै गायक गायिकाहरू रहेका छन् । 'पुग्नु कहाँ थियो" गीत सङ्ग्रहभित्र ३३ कथा शीर्षकका गीतहरू रहेका छन् । यिनका विश्लेषण यस प्रकार छन : :

### १. 'दुख्यो यस्तो घाउँ' को विश्लेषण

यस गीतमा गीतकार आफ्नो जन्मभुमि छोडेर अर्को स्थानमा बसेको धेरै भयो । त्यसैले आफ्नो जन्मथलोको यादले सताएको अवस्थालाई यहाँ मातृभुमि प्रतिको अगाध माया र प्रेम प्रकट भएको छ । त्यसमाथि पनि गीतकारका आमाले जन्मथलो छाड्ने बेलामा गाउँघरलाई नमरुन्जेल पूर्खाधर्म बसाई राखेस्, नत्र आकाश पाताल जहाँ रहेपनि गाउँको ख्याल राख्नु भन्ने भाव यहाँ व्यक्त गरेको पाइन्छ ।

त्यसैगरी आजको समयमा मान्छे मान्छे बिचको विश्वास टुटेको पाइन्छ । पहिले जस्तो गाउँघर, छरछिमेक मेला पर्व अैचो, पैचो अहिले गाउँमा रहेन । गाउँमा एकले अर्काको वास्ता गर्न छाडेको अवस्था छ । यस किसिमको परिवर्तन भैसक्यो गाउँमा तर गीतकारलाई केही वास्ता रहेन जब जवानी ढल्कीदै गयो, डाँडाको घाम हुँदै गयो वा उमेर वित्दै गएपछि मात्र आफ्नो गाउँघरको वास्ता भएको भन्दै यस गीतमा आफ्नो राष्ट्रप्रेमले ओतप्रोत भएको कुरा व्यक्त गरिएको छ ।

## २.‘ तिमी जस्तो’को विश्लेषण

यस गीतका हरफहरू प्रेममा धोका खाएर विरहभाव पोख्दाको अवस्था यहाँ पाइन्छ। जसरी प्रेमीका पत्थर वा ढुङ्गा जस्तै कठोर भएर प्रेमीलाई विर्सिएको अवस्था छ। त्यसैगरी प्रेमीले भने विर्सन नसकेको घटना यहाँ प्रस्तुत गरिएको छ। प्रेमी प्रेमिकाले दिएको धोकाबाट मन छियाछिया भएको अवस्थामा मनमा लागेको पिर व्यथा कतै पोख्न नपाएको कुरा व्यक्त गरिएको छ। घिऊ झै पग्लिएर यताउती वगिरहेको तर त्यही भुँईमा सोसेरै वसेको छु भनिएको छ।

जीवनमा सोचेको जिन्दगीका आशाहरू सवै खोलाको पानी झैँ वगेर गयो। मनमा केही आशाहरू बाँकी रहेनन्। सबै चकनाचुर भयो। रुदाँ रुदाँ सिरानी सबै भिजेर च्यातिसके, सपनाहरू सवै आँशुमा वगीसके भन्दै गीतकारले प्रेमीका सँगको विछोडका पीडालाई व्यक्त गरेको पाइन्छ।

## ३. ‘सडकमा’ को विश्लेषण

यस संसारमा हरेक प्रकारका व्यक्तिहरू रहेका छन्। कोही धनि, कोही गरिव त कोह मध्यम वर्गका। आ-आफ्नै गक्ष अनुसारको साधनहरू उपभोग गर्दै आएका छन्। सडकमा हेर्ने हो भने कोही व्यक्ति घोडा, हात्ती, चढेर सवार गरेका छन्। कोही जहाज विमानमा उडेका छन्। त्यसैगरी कोही यातायातका साधनमा सवारी गर्दै छन् तर गीतकार भने सवै साथीहरू जे जे मा चढेपनि आफू हिडेरै यात्रा गरेको कुरा व्यक्त गरेको पाइन्छ। आफ्नै पाइला गनी गनी मनमा ठूला ठूला सपना सजाउँदै जीवनलाई अगाडी वढाएको पाइन्छ।

यस गीतका अनुसार जति धनि भएपनि आकाश हुन/छुन सकिदैन, जति हतार गरेर दौडपनि धर्तीबाट बाहिर जान सकिदैन वा क्षितिजको अन्त्य हुने छैन। त्यसैले जति माथि लागेपनि र जति दौडपनि यही पृथ्वीमा नै रहने भएकाले जीवनलाई सरल तरिकाले जोड्न जान्नु पर्दछ भनेका छन्। होडबाजी गर्दै तछाड मछाड गर्दै अगाडी बढ्नुभन्दा आफ्नै पाइला गनी विस्तारै सडकमा हिड्दा गन्तव्यमा पुग्न सकिन्छ भन्ने जीवन भोगाइबारे धारणा व्यक्त गरेको पाइन्छ।

आफ्नो भाग्यमा जति लेखेको छ त्यती पाइन्छ नै, त्यति नै उपयोग गरेकै छ । त्यसैले यसमै सन्तोष पनि मानिएको छ । जीवनलाई वुझेर गीतकारले अरुजस्तो घुमफिरी कहाँ सुख छ भन्दै हिडेनन, कसैसँग हात थाप्दै माग्दै भाग्यलाई दोष दिई जीवन विताएको कुरा व्यक्त गरिएको छ ।

## ४. 'पुग्नु कहाँ थियो' को विश्लेषण

यस गीतका हरफहरूमा गीतकारले हिड्दा हिड्दै बाटो विराएको मोड वा घुम्तिमा अल्मलिएर अनेत्र बाटो लागेको भन्दै जीवन भोगाइका क्रममा रूमलिएको भनि व्यक्त गरेका छन् । जीवनमा हरेस खाएका कारण वा पीर ब्यथा भएका कारण मादकपदार्थ नपिए पनि मरेसरि जीवन भयो । उज्यालो हुँदाहुँदै पनि अध्यारोमा झैं लडियो । आफ्नै छायादेखि पनि तर्सिन थालेका गीतकार पुग्नु कहाँ थियो । यतै अल्मलिएँ । गन्तव्यमा पुग्न सकिएन अर्थात जीवन सार्थक वनाउन सकीएन भन्ने कुरा व्यक्त गरेका छन् ।

उक्त शीर्षकबाट नै गीतकारले पुस्तकको नामाकरण गरेका छन् । उनको यस गीत अतिनै मार्मिक र हृदयस्पर्षी रहेको पाइन्छ । जीवन एक गतिशील मार्ग हो यसको कुनै टुङ्गो हुँदैन भन्दै यस गीतको रचना भएको पाइन्छ ।

## ५. 'हरेक रात' को विश्लेषण

प्रस्तुत यस गीतका हरफहरू प्रेमीकाको सम्झनामा रात सधैं जागा भएको अवस्थालाई प्रेमीले व्यक्त गरेका छन् । प्रेमीकाको सम्झनामा हरेक रात मनले मन खाइरहन्छ । निन्द्रा समेत आँखा नजिक नआई टाढा भैरहने हुन्छ । वाध्य भएर प्रेमीकालाई सम्झेर वस्नु परेको छ । नीन्द्रा नपरेपछि जीऊ दुखेर ओच्छ्यानमा पल्टेर ओल्टोकोल्टो फेरिरहन्छु । आँख जागा भै रहेको छ । प्यास लागिरहेको छ । तिमीलाई सम्झेर रात विताएकै छु । विर्सन खोज्छु, मनलाई बाँध्न खोज्छु तर सक्दिन । जसरी जून डुब्छ तारा झर्छ सधै उसैगरी दिन आउँछ, रात पर्छ तर तिमीलाई सम्झेरै विताएकी हुं भन्दै यस गीतमा प्रेमीकाको सम्झनालाई झल्काउँदै मिठो गीत रचना भएको पाइन्छ ।

## ६. 'केही मन' को विश्लेषण

यस गीतमा गीतकारले मान्छेको मन स्थिर रहदैन । कहिले पूर्व त कहिले पश्चिम कुद्छन । कहिले माथि त कहिले तल भाग्दछ । कहिले मन सगरमाथा चढ्दछ र राम्रा राम्रा शेर्पेनीहरूको मायामा भुल्दछ भने कहिले मन तराइतिरको झापामा झर्दछ र त्यतै तिरको मायाले भुलाउँदछ । अनि गीतकार भन्दछन् : खोटाङ्गेको रूपै राम्रो भोजपुरेको माया त्यही मायामा पर्‍यौ क्यारे सोध दायाँवायाँ भन्दै मायामा जीवन भूलेको खुलासा गर्दछन् ।

जीवनमा गीतकारले साह्रै रमाइला क्षणहरू विताएको अनुभव गर्दछन् । अघिल्लो वर्षको क्षण सम्झिदै फेरि धरानमा मायालूलाई भेट्न मन लागेको र पोखराका ठिटीहरूलाई पनि चिठ्ठी लेख्दै भेट्न बोलाउन मन गरेको कुरा खुलासा गर्दछन् । गीतकार कहिले काठमाडौ त कहिले पाल्पा डुल्दै जीवनलाई नेपालभित्रै कैदी भएको अनुभव गरेको पाइन्छ । रामछायाँ लाग्थे सबै आज के भो, के भो उति बेला कहिले हुन्थ्यो इलाम फिदिम, कहिले पुग्थ्यो डोल्पा पुग्दै नेपालको मरोरम दृश्य हेर्दै मायालूहरूको माझ रमाउँदै जीवन विताएका क्षणहरू यस गीतमा व्यक्त गरेको पाइन्छ । त्यसैगरी मनलाई गीतकारले नेपाल भित्रै कैदी वनाएको नेपालकै भ्रमण गरेको र नेपाली ठिटीलाई नै माया गरेको कुरा व्यक्त भएकोले यस गीतमा राष्ट्रप्रेम झल्कीएको पाइन्छ ।

## ७. 'जूनले पोल्दा' को विश्लेषण

यस गीतका हरफहरूमा गीतकारलाई मनमा शान्ति नभएको भाव पाइन्छ । उनका पिर, मर्का, व्यथा दुःख, कष्ट र व्यथालाई कसोगरी पनि हटाउन नसकेको अवस्था यहाँ प्रकट हुन्छ । यहाँ गीतकारलाई घामले पनि पोल्छ अनि जुनले पनि पोल्छ, भाग्न खोज्दा वाटोमै झिङ्गा र साङ्लाहरूले समेत छेक्छ भनेका छन् । तराइका सम्म फाँटबाट हिँडौभने प्रचण्ड गर्मीले आगो झैँ मन भतभती पोल्छ । त्यस्तै हिमालतिर लगौ भने हिउँचुलीमा पहिरो जान्छ । यत्रो संसारमा गीतकारलाई मात्र किन यस्तो सजाय भोग्नु परेको हो । ढुङ्गा वनी सहदा सहदै पनि दुःख पनि लागेको भनि गीतकारले व्यक्त गरेको पाइन्छ ।

## ८ 'घातमाथि घात' को विश्लेषण

यस गीतकारले साहित्य लेख्दा वढी भन्दा बढी आफ्नै जिन्दगीलाई समेटेर लेख्ने गरेको पाइन्छ । आफ्नै गाउँ समाजका घटना तथा पीरव्यथालाई जस्ताको तस्तै गीतमा उतार्न सफल रहेका छन् । यस गीतमा पनि सबैले विश्वासघात घा गर्दा मनै देखि आफ्ना इच्छा सवै मरेर जाने गरेको पाइयो । त्यसैगरी ती घातलाई कम गर्न यता उती भौतारिएर खोज्दै हिडेको कुरा गीतकारको भावमा पाइन्छ । यो गीत अति वुझ्न कठीन छ तर प्रत्येक व्यक्तिको भावनालाई समेटीएको पाइन्छ ।

त्यसैगरी आफूले नचाँहादा नचाहदै पनि रात वितेर जान्छ, कुरा गर्न खोज्दा खोज्दै थाती रहेका बातहरू सवै घात सम्झेर चित्त वुझाउनु पर्छ । भावनाले घात गर्दा मौन रहने हातहरू पसारेर थपिरैछु अलिकति राहतहरू, ती सवै गीतकारले घातमाथि घात सम्झेका छन् । यसलाई पिर व्यथा मानिएको छ । जीन्दगीको नयाँ मोडमा छोपिएका साथहरू कति मिठास थिए तर एक्लोपनको महसुस भयो तिनै साथहरू अभाव वन्न पुगेका कुरा व्यक्त गरेका छन् । ती साथहरू केवल सम्झनामा रहेको वताउँछन् । अहिले आएर मौन रहन वाहेक अरु विकल्प नरहेकोले अरु पिरमर्का तथा घात नथपेर थोरै भएपनि राहत मागेको भाव यहाँ व्यक्त गरेको पाइन्छ ।

ओरालो लागेका मृगलाई सवै वाच्छाले पनि खेद्छन् भने झै एक घात गर्ने व्यक्तिलाई घातमाथि घात गर्दा रहेछन् भन्ने सन्दर्भ यस गीतमा प्रकट भएको छ ।

## ९ 'मेरी मायारानी' को विश्लेषण

यस गीतका हरफहरूले गीतकारका जीवनसँगिनीलाई ओतप्रोत हुनेगरी लेखिएको पाइन्छ । सवै सुख सम्पति तथा धन दौलत प्राणप्यारी गीतकारकी मायाकी खानी मायारानीका लागि ल्याएको व्यक्त गर्दै यसलाई जुनीजुनीभर सम्हालेर राखेस है भन्दै विन्ती गरेका छन् । त्यसैगरी धन, सम्पत्ति भन्दा पनि माया, प्रेम स्नेह तथा गुन लगाएको वढी सम्झन लाएक हुन्छ । बढी गुनी हुन्छ सुन हराएर जान सक्छ तर गुन लगाएको कहिल्यै पनि जादैन । त्यसैले मेरो मायालाई सम्हालेर राख्नु जुनी जुनी मेरी मायारानी भन्ने भाव प्रकट भएको छ ।

मेरो मायामा कतै कहि घाउँ चोट लगाएको छैन, मायामा कुन खोट लाउने ठाउँ छैन । तिमीले कहिले पनि नसम्झिनु झुठो माया हो भनि, नम्मरी सुनमा कसी लाउनु पर्दैन भनेझैँ मेरो मायामा कतै कमि होलाकी भन्दै कसी हाली हाली ल्याएको हुँ भनेका छन् । यसबाट के भाव वुझिन्छ भने कहि कतै खोट लगाउने ठाउँ नदिएर सक्कली माया दिएको छन् । साहित्यकार तथा गीतकारले उनको मायारानीलाई भन्ने भाव प्रकट गरेका छन् ।

**१०. 'बेहिसाब जिन्दगी' को विश्लेषण**

गीतकारको जीवनमा हिसाव नमिलेको भाव यस गीतमा पाइन्छ । जसरी भत्किएको घरमा न झ्याल न ढोका ठीकसँग हुन्छ । त्यस्तै बेहिसाव भो जिन्दगी छैन लेखाजोखा, न त जोड घटाउ न त भाग गुणा कस्तो होला यस्तो जीवन लथालिङ्ग भएको छ भन्दै हुरी विनाको वतास भूकम्प विनाको चर्किएको भित्ता, न त झरी छेक्छ न त झरी हाल्ने खालको जीवन गीतकारको भएको कुरा यहाँ व्यक्त गरिएको छ ।

निष्कर्षमा भन्नु पर्दा जीवनको कुनै अर्थ नभएको जीवन लथालिङ्ग भएको जीवनको टुङ्गो नलागेको अवस्था यस गीतको भावले बोकेको पाइन्छ ।

**११. 'दुखेको छु आज' को विश्लेषण**

साहित्यकारलाई यहाँ नदेखिने चोट लागेको छ । भित्र भित्रै दुखेको घाउँ अझ बल्झिएरै आएको कुरा व्यक्त गर्दछन् । भित्रभित्रै पोल्छ कहाँ दुख्छ थाहा छैन । मुटु वरिपरि च्वास्स गर्छ मन दुख्छ कहाँ, कस्तो खालको रोग लाग्यो कसैले पत्ता नलाग्ने खालको जीवनमा हाँसेको क्षण आउन पनि जूनतारा नै खस्छ होला भन्दै गीतकारले आफ्नो जीवनको विलौना गरेका छन् । कसले मेरो जीवनमाथि खेलवाड गर्‍यो, मर्नु न वाच्नु वनाएर गयो । घाइते बाघ झै भयो तर म यस्तो झमेलामा फस्ने छैन । मलाई पिडादायक जीवन वाच्नु पनि छैन, अव यस्तो गल्ति गरे पनि सबैसामू माफी नमाग्ने अठोट गरेका छन् किनकी एक जीवन सधैलाई रहीरहने होइन, यहाँ कोही पनि अजम्बरी रहने पनि होइन । त्यसैले मेरो जीवन जस्तो छ त्यस्तै जीउछु भने भाव यस गीतमा प्रकट भएको छ ।

**१२. 'मायाको बैना' को विश्लेषण**

यस गीतमा मायाको विछोडपछि प्रेमीले प्रेमिका विनाको यस्तो जीवन विताउँदाको क्षणलाई यहाँ व्यक्त गरेका छन् । मायाको वैना गरी औंठी राखेपनि फर्केर नआएको यहाँ पाइन्छ । बिछोडको वेला आउला भन्ने नसोधिए पनि माया दिई गयौ पर्खन वाध्य वनाएर । पाइला सार्नु हतार भएझै लाग्छ तर हिड्न मन छैन । मनमा अथाह चोट दिएर गयौं सयौं जुनी पर्खी वस्छु  भन्नेलाई तर गोरेटोमा आँखा टोलाइ आँसु पुछुँला फर्किआउनु कसम होला पर्खी बसूँला भन्दै माया लाएर विचमै छोडेर जाने मायालुलाई सम्झि यस गीतमार्फत आफ्ना मनका भावनाहरू व्यक्त गरेको पाइन्छ ।

### १३. 'आजभोलिका मान्छे' को विश्लेषण

यस गीतका हरफहरूले एक्काइसौं सताव्दीका मान्छेहरूमा ज्ञान विवेक केही नरहेको विचार व्यक्त गरेको पाइन्छ । पहिले पहिले ठूलाबडा व्यक्ति तथा मान्यजनहरूलाई मान, सम्मान उत्तिकै  गरिन्थ्यो भने गाउँघर समाज र छरछिमेकीले आपत विपतमा ज्यानै पनि दिन पछि पर्दैनथे तर ती व्यक्तिहरूले नै घातमाथि घात र चोटमाथि चोट थप्ने काम गर्दछन् । आजभोली सवै व्यक्ति क्षणक्षणमा छेपाराले जस्तो रङ्ग फेर्दछन् । आफ्नो स्वार्थ पूरा गर्न पाउँ पर्न पनि पछि हट्दैनन् । यहाँ मान्छेले मान्छेलाई गोटी वनाई चाल खोज्छन् । बाजी थापेपनि फाइदा हुने भएमा आफै बाजी हार्न समेत पछि पर्दैनन भन्ने भाव प्रकट गरेको पाइन्छ । आजभोलि, मान सम्मान, इज्जत, वेइजत, वेमान कुनै कुराको ख्याल नगरेको पाइन्छ । त्यसैले गीतकारले आजभोलिका मान्छे भन्दै व्यङ्ग्य गरेको पाइन्छ ।

### १४. 'यो अर्थमा म' को विश्लेषण

यस गीतका हरफहरूमा यहाँ प्रत्येक शव्दमा राष्ट्रप्रेम झल्काएको पाइन्छ । आफू नेपाली भएकोमा गीतकार गौरव गर्दछन् । उनको चिनारी नेपाली भएकाले अरु तरिकाले चिनाउनु पर्दैन । किनकी यस देशको ढुङ्गा, माटो, जाती, भाषा, संस्कृती सबै काफी छ । नेपाल चार जात छत्तीस वर्णको फूलवारी हो । यहाँ आफ्नै भाषा र सस्कृति रहेको छ । यहाँ विश्वको सर्वोच्च शिखर सरगमाथा रहेको छ । यहाँ मेची महाकाली भित्र सम्पूर्ण मनमोहक दृश्य अटेको छ । नेपालीलाई वीर पुर्खाको रूपमा सम्मान गरिन्छ । यहाँ वीर सहिदहरूले आर्जेको किल्ला र गढी आजसम्म पनि सम्पत्तिका रूपमा खडा छ । त्यसैले आज हामी नेपालीले नेपाल हाम्रो देश हो भनि गर्व गर्न पाएका छौ ।

## १५ 'जे नहुनु थियो' को विश्लेषण

यस गीतमा प्रेमीकाले प्रेमीलाई अन्तिम अवस्थामा आएर धोका दिएको थाहा हुन्छ । प्रेमीले जव प्रेमीकालाई विवाह गरेर घर लाने वेलामा धोका दिएकाले प्रेमीले मन विसाउने चौतारी भत्कियो, देवता ठानी ढुङ्गालाई ढोगियो र वेस्याको संगतले मनको मन्दिर नै भत्कियो । जीवनमा जे नुहुन थियो त्यही भएको कुरा व्यक्त गरेको पाइन्छ ।

त्यसैगरी प्रेममा कतिसम्म हुदो रहेछ अरुबाट सुन्नु भन्दा पनि आफै भोगियो । माया गर्छु भन्नेले छुरा रोपेर गएको पाइन्छ भने जीवनमा आफू झुक्किएर प्रेमीका ठानी माया गर्दा वेस्या रहेकाले छक्क परेकाले जे नहुनु थियो त्यही नै भयो भनेको पाइन्छ । जीवनमा नसोचेको कुरा पनि हुँदो रहेछ भन्ने भाव प्रकट भएको छ ।

## १६ 'मायाको खातिर' को विश्लेषण

प्रस्तुत गीतका हरफहरू प्रेमीले प्रेमीका माथि गरेको प्रेमप्रसङ्गलाई व्याख्या गरेको पाइन्छ । ज्यान गए जाओस्, रत्तिभर डर छैन मायामा कसम खाएर कहिल्यै नछुट्टीने वाचा गरेकोले कोही कसैले वाधा गरेमा जे पनि गर्न सक्छु भनिएको छ । कसैको धन चोरेको छैन, कसैको सम्पत्ति खोसेको छैन बस् माया पिरती मात्र लाएको हो । वरु यो सहर छोड्न तयार छु मायालई छाड्न सक्तिन । हाम्रा मायाको दरवार वनाइसकेको छु । त्यसैले त्यस दरबारमा दुःख र सुख जे आएपनि दुवै मिलेर जीउने वाचा गरेकाले हरपल हर घडीसँगै वाच्ने र सँगै मर्ने कसम खाएको, मायाको खातिर कमस खाएकाले वीचमा कोही वाधक वनेमा जे पनि गर्न सम्छु भन्ने भाव व्यक्त भएको पाइन्छ ।

## १८ 'तन्नेरीका कुरा' को विश्लेषण

यस गीतमा वैंसको उमेर वा तन्नेरी वेलामा अरु केही देख्दैनन्, मीठो खाउँ, राम्रो लाउँ प्रियसीको अंगालोमा वाँधिएर संसार भुलौ प्रेमीलाई सधै सधै मनमा सजाई हिड्न पाउ, भन्दै आँखाभरि रङ्गीन सपना वोकेर हिडेका हुन्छन् । कोही कसैले अर्तिवुद्धि दिएभने सुन्दैनन उल्टो गाली गरेको सम्झन्छन् । तन्नेरी उमेरमा न त शोक नै हुन्छ न त भोक नै हुन्छ र हिउँद र वर्खा सम्मै देख्छन् । गह्रो साह्रो उस्तै देख्छन् । त्यसैगरी विस्तारै वैंसले कोल्टे फेर्छ, उमेर ढल्दै जान्छ अनि थाहा हून्छ जिन्दगानी चलाउन कतिसम्म ग्राहो पर्छ । जव बुढाबुढी

भएर हात गोडा वस्छ अनि आँखा खुलेपछि केही काम लाग्दैन । अनि त्यसपछि चुकचुकाएर केही अर्थ छैन भन्ने भाव यस गीतमा पाइन्छ ।

### १९. 'मायाको कुरामा' को विश्लेषण

उक्त गीतका हरफहरूमा माया प्रेममा दुवै वरावरी हो । एकले अर्कालाई माया गर्नुपर्छ । प्रेमीमात्र धाउनु पर्दैन प्रेमीका भेट्न धाए पनि हुन्छ । प्रेमीले मात्र उपहार दिइरहनु पर्दैन प्रेमीकाले पनि दिए हुन्छ । नाफा घाटाको कुरा गर्नु हुँदैन । जे जस्तो पनि सहनु पर्छ । वस् दुवैले मायाको कमी दिनु हुँदैन । जसले जे मागे नि हुन्छ । हामी दुवै एक हौँ । जसले जे मागे पनि पुरा गर्न सक्नु पर्छ । म र ऊ भन्ने भावनालाई त्यही हामी एक भन्ने सम्भन्नु पर्छ । प्रेमिकाको लागि जे पनि म गर्न सक्छु । हारजीत जसको भएपनि दुवै जना सगै मर्ने र सँगै बाच्ने कसम खानुपर्छ । मायामा दुईमा जसले जे गरेनी हुन्छ । तिमी र म जसका लागि जो पहिले मरे नि हुन्छ प्रेमी मात्र प्रेमिकाको लागि ज्यान दिने र ज्यान फाल्ने भन्ने छैन भन्ने भाव प्रकट भएको छ ।

### २०. 'तिमी" को विश्लेषण

प्रस्तुत गीतका हरफहरूमा यदि प्रेमीलाई प्रेमीकाले छोडेर गएमा वा धोका दिए भने प्रेमी एक्लो भएको महसुस हुन्छ रे । दिन र रात रोएरै विताउछु होला । तिमी त मेरालागि घरको छानो हो । विहान वेलाकाको मानो छौं । यदि छोडेर गयौं भने प्रेमी वेहोस भएर ढल्छ होला । टिठलाग्दो जिन्दगीमा आफू पीरले जल्छु होला सायद तिमी नभए भन्दै विछोडका कुरा व्यक्त गरिएको पाइन्छ ।

यदि मैले हिड्ने बाटो तिमी र यात्राको साथी पनि भत्क्यौं भने छुट्यौं भने सून्य होला यो मन पनि । यस्तो बेला मन वहकिएर दिमागले काम नगर्ने भई जे पनि गर्न सक्छु र जिन्दगीलाई भार सम्झी सेरिएर मर्छु होला भन्दै प्रेमीले प्रेमीकालाई धोका नदिन गीत मार्फत् आग्रह गरेको पाइन्छ ।

### २१ 'उसको माया' को विश्लेषण

उक्त गीतमा प्रेमीले मायालाई सम्झी प्रेमी भावुक भएर वसेको अवस्था छ । उसको र मेरो माया साटासाट गर्थ्यौं । उसको माया विर्सौली भए मेरो माया धार्नी दिन्छु । हामी दुई

बराबर हौं । एक अर्का बीना एक पल पनि वाच्न सकिदैन भन्ने वैइमानीले ढाट्नु सम्म ढाँटी, धोका दिएर गई भन्दै गीतमा मायामा विछोडिएको अवस्थालाई यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

त्यसैगरी गीतकारले यस गीतमा आफू सोझो भएको, छक्कापंजा गर्न नजान्ने तर उनी धरै बाठी छलकपट गर्न जान्ने, धोकेबाज परीछन् । एक मुठ्ठी मायामा गीतकारको मुरी माया साटेर वेइमानीले ढाट्नु ढाँटी यस्तो धोका होला भन्ने ठान्दै ठानिन भन्ने भाव प्रकट गरेको पाइन्छ । प्रेमी रीसको झोकमा आफ्नो धोका दिएर गएकी प्रेमीकालाई मुद्दा हाल्न पाए हुन्थ्यो यदि मुद्दा जितियो भने लुटिएको माया फिर्ता पाइन्थ्यो कि । जावो पित्तलको माया लगाएर मेरो सुनको मायामा साटी वरावर माया दिउला भन्दै बेइमानीले ढाट्नु ढाँटी भन्दै प्रेमीकालाई जाइलागेको अवस्था यहाँ पाइन्छ ।

## २२ "उही घाम" को विश्लेषण

उक्त गीतका हरफहरू जीवन भोगाइका क्रममा श्रीमान र श्रीमती एक रथका दुई पाङ्ग्रा हुन्छन् । एक जना घाम भए अर्को पानी हुनुपर्दछ । कहिले घाम त कहिले पानी पृथ्वीमा भए झै जीवनमा पनि श्रीमान र श्रीमती घाम पानी जस्तै बन्नु पर्दछ । अनिमात्र जीवन सफल बन्दछ भन्ने भनाई पाइन्छ । जीवनमा घाम मात्रै पनि चाहनु हुन्न र पानी मात्र पनि चाहनु हुँदैन दुबै वरावरी वा आधाआधी बाडौं अनि त्यस पानीमा भिजौं र घाममा सुकौं र एकदम वरावरी भएर जीवन अगाडी बढाऔं भन्दै यस गीतमा घाम लाग्दा पानी परेको राम्रो र पानी पर्दा घाम प्यारो लाग्ने कुरा वताइएको छ । त्यसैले दुवैलाई एकै साथमा समेटी जुहारी (गीत गाएर) वसौं दुवैजना कहिले भिजौं कहिले सुकौं र बराबरी भएर बसौ भन्ने भाव प्रकट भएको छ ।

## २३ "कति सुन्ने" को विश्लेषण

उक्त गीतका हरफहरूमा प्रेमीले प्रेमीकाले मागेका भौतिक बस्तु दिन नसक्दाको दुःखद अवस्थालाई प्रकट गरेको पाइन्छ । प्रेमी भन्छन् तिम्रो मात्र कुरा कति सुन्ने अव मेरो कुरा पनि सुन । दिनसक्ने माया हो जति सक्दो दिएकै हु । अरु सवै मागेजति दिन त आर्थिक अवस्थाले भ्याउनु पऱ्यो । घाटी हेरेर हाड निल्नु पर्दछ । । पृथ्वीमा बसेर जून तारा ल्याउन कहाँ सकिन्छ र चाहिने भन्दा बढी कुरामा त सम्झौता गर्न सक्नु पर्दछ यदि

सम्झौता गर्न सक्दैनौं भने लाको माया नै फिर्ता गर मागे जति सबै दिन कहाँ सक्छु र म भन्दै प्रेमीकालाई प्रेमीले रिसाउँदै भनेको अवस्थालाई यहाँ प्रस्तुत गरेको पाइन्छ । प्रेमीकाको कुरा सुन्दा सुन्दा अति भएपछि प्रेमीले कति सुन्ने तिम्रा मात्र कुरा मेरा पनि सुन्ने गर भन्दै सम्झाएको कुरा यहाँ पाइन्छ ।

## २४. "अभियोग" को विश्लेषण

उक्त गीतका हरफहरूमा प्रेमीकाले प्रेमीलाई प्रेम गर्ने समयका बेलामा अभियोग लगाएको पाइन्छ । प्रेमीकाको यौवन लुटेको तथा फूलरूपी जीवन टिपेर भागेको अभियोग लगायौं । मेरो र तिम्रो विचको मायालाई उजुर गर्‍यौं । केही हुनुको फाइदा उठायौं । यहाँ जसले जे गल्ती गरेपनि उजुर गर्‍यौं । केटी हुनुको फाइदा उठायौं । यहाँ जसले जे गल्ती गरेपनि केटालाई नै लान्छना लगाउने कानुन तथा समाज छ त्यसैले म माथि तिमीले उजुरी गर्‍यौं । अदालतमा आँसु पोखेर विश्वास बटुल्यौ ।

यौवन त तिम्रो छेऊ पनि नआई बात लगायौं, सौन्दर्य देखि पछि लागेको आरोप लगायौ तर तिमीलाई मैले साँच्चै माया मात्र गरेको थिए । तिम्रो रूप, सौन्दर्य, यौवन केहीको पछि लागेको थिइन तर तिमीले त पछ्यौरी थापेर सवैको सामु न्यायको भिक माग्यौ ठीकै छ म माथि अभियोग लगाई तिमी हुनुको फाइदा उठायौं । अन्तमा प्रेमी भन्छन् म त बन्दी भएँ तिम्रो जालमा परी तर नठान तिमी मात्रै खुल्ला छु भनि, हर्जना यति हो भने जस्तै लियौ तर म तिमीलाई त्यसै छाड्ने छैन । तिमी हुनुको फाइदा उठायौं । मेरो पनि एक दिन पालो आउँछ । खाएको बिष पो लाग्छ नखाएको विष कहाँ लाग्छ र । जित सत्यकै हुन्छ भन्दै प्रेमिकालाई आक्रोस पोखेको पाइन्छ ।

## २५ "सुक्यो कुवा" को विश्लेषण

यस गीतमा परदेशीएका युवाहरूलाई आफ्नै देश नेपालमा फर्क भनि आग्रंह गरिदिएको सन्देशमुलक गीत रहेको छ । गाउँघरमा युवाहरू सवै विदेश पलायन भएपछि गाउका कुवा सुक्यो, पाटी भत्क्यो जोडी वर पीपलका रुख ढल्यो । यसको मर्मत गर्ने कोही छैन । गाउँमा वुढाखाडा र वालवच्चा मात्र छन् । त्यसैले परदेश गएको परदेशी कहिले फिर्ने घर भन्दै परदेशीहरूलाई आव्हान गरिएको छ ।

गाउँघरमा खेती लगाउने मान्छे कोही छैन, पसिना जति विदेशमा वगाउनु भन्दा आफ्नै गाउँवस्तीलाई पसिनाले पोत वरु भन्दै पहिले तिमी फर्कने प्रयास गर त्यसपछि ठुलो, कान्छा सवै विस्तारै स्वतः फर्कनेछन् । आफ्नो देश तथा गाउँघरमा आउन तिमीलाई कसैले रोक्दैन भन्दै धर्ती आमाको बेथा यहाँ प्रस्तुत गरिएको छ । गाउँघरमा जवान छोरा तथा श्रीमान नहुदा गाउँको कुवा नै सुक्यो भन्नाको तात्पर्य कोदालीपातो गर्ने मान्छे नै गाउँमा नभएको कुरा व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

## २६ "तिमी थियौ र पो" को विश्लेषण

यस गीतमा आफूले माया गरेको प्रेमीका अरु कसैसँग विवाह गरेर जाने कुरा गरेपछि प्रेमी भावविहोल हुँदा म अव के गरुँ, माथि जाउँ कि तल झरु, हासू कि रोऔं, आगो भै जलूँ कि पानी भै बगुँ, वतास भै उँडु कि निसास्सी रहुँ भन्दै आफूले आफूलाई सम्हाल्न नसक्ने अवस्था यहाँ पाइन्छ । प्रेमी भन्छन् तिमीले मलाई साथ दिदा वा तिमी थियौ रपो । म हाँसेको थे, नाचेको थे, रङ्गीचङ्गी सपनाहरू आँखाभरि साँचेको थे तर अव म कसरी वाँचू भन्दै मैले तिमीलाई आफ्नै ठानी माया गरेको थिए । जिन्दगीका हर पाइलामा तिम्रो भर परेकै थिए तर आज तिमी त अन्तै कोहीसँगै गइहाल्ने भन्छौं । कसरी मेरो माया त्याग्नु सकेको । तिमी त खुसी भई जीवन विताउन तर भन म चाहि के गरु भनि गीतमा दुःखान्त वियोग भाव प्रकट भएको पाइन्छ ।

## २७ "हारेकै हुँ" को विश्लेषण

यस गीतका हरफहरू बडो मार्मिक ढंगले लेखिएको पाइन्छ । प्रेमीकाले मायाको खेलवाड गरी धोका दिएर गएपछि प्रेमीले प्रेमिकालाई भनेका वचन वाणहरू यहाँ प्रस्तुत भएको छ । प्रेमीकाले पहिले देखिनै पटक पटक धोका दिएको तर प्रेमीले क्षमा दिदै हरदम हरपल पूर्ण माया दिदै आएको थियो । त्यसैले प्रेमी भन्छन् । हारेकै हुँ पहिले पनि फेरि तिमीले जिते हुन्छ, मेरो जीवन खेलौना हो, जे मन लाग्छ गरे हुन्छ । जताबाट मलाई तानेपनि हुन्छ, मञ्जुरी नामा नै लेखिदिन्छु तिमीले मलाई जता लगे पनि हुन्छ । मायाको नाटक गरेर मात्रै हेरेरै मात्र पनि हून्छ यदि मन परे अङ्गाल मन नपरे छाडी गए हुन्छ । आखिर हारेकै हुँ मैले जीवनमा सधै हार खाएरै वस्न सक्छु मलाई श्रृङ्गारको सामान सम्झी तिमी श्रृङ्गारिएर हिडे हुन्छ । म सहीछाप दिन तयार छु यदि मन नपरे पत्रु वा काम

नलाग्ने भनि फाले हुन्छ । यो जीवनलाई सस्तो सामान सम्झि किने पनि हुन्छ भन्दै प्रेमीकालाई रिसको झोकमा आक्रोस पोखेको कुरा व्यक्त भएको पाइन्छ ।

### २८ "यो साल फेरि" को विश्लेषण

यस गीतमा 'म' पात्र आफ्नो परलोक गएकी मायालुको सम्झनामा भाव विहोल भएर मनका भावनाहरू पोखेको अवस्था यस गीतमा पाइन्छ ।कति साल गए तिमी हराएको फेरि बारीभरि अजम्बरी फुल फुलेका छन् तर तिमी मेरो मनमा भने कहिल्यै आएनौ । त्यसैले यो मन रोएको छ भन्छन् । डाँडामा वसेर मेरो याद गर तिमी वा उकाली र ओराली हुँदै मलाई भेट्न आऊ तिमी आउँदा बाटोमा काँडा होलान् पर सारी आऊ । म तिमीलाई भेट्न साझै पर्दा जोडी आँखा देउरालीमाथि हेर्छु । तिमीलाई भेट्न आउँदा अजम्बरी कहिल्यै नमर्ने फूल टिपी एउटा माला गाँसिरहन्छु तिमी आऊ भन्दै 'म' पात्र वहकिन्छन् । यसरी एउटा चेलीले माइतीपक्षका दाजुभाईप्रतिको सम्झना गरेको पाइन्छ ।

तिमी डाँडा पाखा हुँदै नाच्दै आऊ यदि थकाई लागे भञ्ज्याङको चौतारिमा बिसाउँदै आऊ, आउँदा खेरि दुःख भए सुःख सम्झी आऊ तर जसरी भएपनि मलाई भेट्न आऊ म रातपरेपछि सम्झनाको दियो बालि, फूलको माला गाँसि तिमीलाई कुरिरहन्छु भन्दै आफ्नो मरेको भाईलाई सपनामा भएपनि भेट्न आऊ भन्दै आग्रह गरेको वियोगान्त गीत यसमा पाइन्छ ।

### २९ "मायापिरतीमा" को विश्लेषण

यस गीतका हरफहरूले मायापिरतीमा जे पनि हुन सक्छ । खुसी पनि र दुःख पनि । यहाँ 'म' पात्रलाई पिरतीमा दुःख परेको अनुभूति हुन्छ । अनायासै मायामा वेइमानीले बात लगाएको अवस्था छ । आफू त्यसमा निर्दोष भएको वताउँछन् । मनभित्र तिमीलाई खोज्दा नभेटिएपछि तिम्रो चित्र कोर्न थाले तर तिमीलाई सजाएर राम्री पार्न कुनै रङ्गहरू मिलेको छैन । अनायसै तिमीले तस्बिरको आकार मेटाएर मैले तिम्रो तस्विर समेत राम्रोसँग कोर्न सकिन । तिमीले मेरो निर्दोष जिन्दगीमा बात लगायौँ भन्दै प्रेमीप्रति गुनासो गरेको पाइन्छ ।

तिमीलाई धेरै माया दिदा दिदै, विस्तारै आफ्नो मनमा राखी घरलान्छु भन्ने कुरा एकान्तमा सोचिरहन्थे तर तिमीले सितारको तार टुटिदिँदा सारा सपनाहरू चकनाचुर भयो ।

बेइमानीले बात लायौं । निर्दोष जिन्दगीमा धोका दियौ त ठिकै थियो त्यसमाथि पनि बात समेत लाई टाढा गयौ भन्ने भाव यहाँ पाइन्छ ।

### ३० "मनको राजा" को विश्लेषण

यस गीतमा कामको सिलसिलामा गोरखा सैनिकबाट हङ्कङ, ब्रुनाई र युके घुमेका बेला भेट भएकी मायालुलाई सम्झाउँदै यहाँ उनकै बारेमा चर्चा गरिएको पाइन्छ । प्रेयसीको मनको राजा भएर परदेश हिडेको थिए । उनलाई म नहुँदा घरआँगन, गाउँबेसी कति सुन्य लाग्दो हो तर उसको मायाले भुलाएर दिन विताउन सजिलो हुन्थ्यो । दिनमा त सम्झे सम्झे रातमा पनि सपना देख्छु, देश विदेश कुम जोडी जोडी हिडेको आफ्नो संस्कृती साकेवा र साकेला नै फिका लाग्न थालिसक्यो । हरबखत उसैलाई सम्झीरहन्छु । जहिले चिठ्ठी आयो कि भेट्न पुग्थे । आजभोलि भेटघाट छैन । सन्चो बिसन्चो के छ थाहा छैन । धेरै भयो खबर नि आछैन । आजको दिनमा आएर उसको याद आएर यो गीत रचना गर्दै छु भन्ने भाव यस गीतमा पाइन्छ ।

### ३१. "मेरो बाटुली" को विश्लेषण

यस गीतमा मेरी बाटुली भनेर आफ्नो जीवनसाथीलाई उपनाम दिदै छाडेर विदेश जानुपरेकोमा गुनासो पोखेको यहाँ अनुभूति पाइन्छ । उनकी जीवनसंङगीनीले फर्किएर आउनु है, छिट्टै मन आत्तिन्छ दुःख पर्दा मात्रै घर आउने होइन अरु समयमा पनि घर सम्झिएर आउनु पर्छ भन्दै छिटै घर आउनु है भनि औला भाँची भाँची दिन काटुँला, अल्झिएर यादहरूमा पर्खिवसुला छिटै घर आउनु भन्थिन । उनकी बाटुली आफ्नो जीवन संगीनीले भनेका कुराहरूलाई याद गर्दै यस गीतको रचना भएको पाइन्छ ।

### ३२. "कोही भन्छन्" को विश्लेषण

यस गीतका हरफहरूले माया दुःख सुःखको मीलन हो । कसैको जिन्दगीमा उज्यालो वन्दछ । माया भने कसैको जिन्दगीमा अध्यारो वन्दछ माया भन्ने भाव व्यक्त भएको छ । कोही भन्छन् माया आगो हो, न्यानो पनि हुने, उज्यालो नि दिने, कतै माया मूलको पानी हो जति दिए पनि सकिदैन, पानीले तिर्खानि मेट्ने माया डढेलो बनेर दुनिया जलाउँछ, खरानी वनाउँछ, पानीले बाढी ल्याएर पहिरो चलाउँछ । दुनियालाई बगाउँछ । त्यसैले माया भनेको

आगो र पानीको मिश्रण हो । कसैलाई खुसी दिन्छ भने कसैलाई यही मायाले दु:ख दिन्छ भन्ने भाव यहाँ पाइन्छ ।

### ३३ "सहर" को विश्लेषण

यस गीतका हरफहरूमा सहर बजारका वारेमा विश्लेषण गरेको पाइन्छ । गाउँ घरमा जस्ता सोझा छरछिमेकी पाइँदैन, मीलेर वस्ने भावना पाइदैन । सहरमा त अनेक खेल हुन्छ । क्षणभरमा सयौपल्ट जाल हुन्छ, झेल हुन्छ, अनेक थरीका मान्छेहरू वसोवास गरेका हुन्छन् । सहरमा धनदौलत मात्र कमाउने सोच हुन्छ । अर्को शव्दमा भन्दा मान सम्मान पनि उत्तिकै पाइन्छ । यस्तो खेल खेल्दाखेल्दै सारा उमेर बित्छ तर गाउँमा जस्तो सामाजिक परम्परा, रितिरिवाज, धर्म संस्कृती पाइदैन । विहान देखि बेलुकासम्म धनकै पछि लाग्छन् । यहाँ आफन्तजन, छरछिमेक कसैको आवश्यक पर्दैन । सवै पैसा भए किन्न र बेच्न पाइन्छ । नातागोता, हरेक वस्तु किन्न पर्छ । गाउँमा जस्तो साटासाट ऐचो पैचो केही चल्दैन पानी पनि तेल झैं फारो गरी चलाउनु पर्छ । पानी समेत किन्नु पर्छ सहरमा त भन्दै आजको शहरी वस्तीप्रति आकर्षित व्यक्तिलाई आफ्नै गाउँघरमा वस्न आग्रह गरेको पाइन्छ ।

### ४.१.३ शुभ मुकारुङका कथाहरूको विश्लेषण

शुभ मुकारुङ सिर्जनाका क्षेत्रमा सर्वप्रथम गीती एल्वम निकाल्ने काम भए पनि पछिल्लो चरणमा भने कथा विधाबाट देखापरेका हुन् । वि.सं २०६४ सालमा **कथा ढुङ्गैढुङ्गाको** किराँती लोककथा, र **पानीको कथा** किराँती लोककथा (२०७२) प्रकाशन गरेका हुन् ।

#### ४.१.३.१ कथा ढुङ्गैढुङ्गाको सङ्ग्रहका कथाहरू

वि.सं २०६४ सालमा **कथा ढुङ्गैढुङ्गाको** किराँती लोककथा प्रकाशन गरेका हुन् । कथाकार मुकारुङको पहिलो कथा हो । यो किराँती समुदायमा अत्यन्त उत्कृष्ट कथा बन्न पुगेका छ । किराँती लोक कथामा आधारित यस ढुङ्गैढुङ्गाको कथा सङ्ग्रहमा मुकारुङले आफ्नै भाषा, सस्कृति र लोकगाथालाई प्रस्तुत गरेका छन् । यस कथा सङ्ग्रहमा १५ वटा शीर्षकका कथाहरू ढुङ्गाको किंम्वदन्तीबारे व्यक्त गरेका छन्

यस कथामा किराँती समुदायमा चलिआएको रिती संस्कृतीहरूको सत्यसत्य घटनाहरूलाई जस्ताको तस्तै प्रस्तुत गरी कथामा ढाल्न खोजिएको छ । यो कथा २०५६-२०५७ सालतिर लेखिएको हो । जसमा जो ढुङ्गासँग सम्बन्धित रहेको छ किराँत राईहरूको सुप्तुलुङ (चुला ढुङ्गा) नै पूजापाठ गरिने आस्थाको केन्द्रबिन्दु हो । एउटा चुल्हा ढुङ्गा पित्री, सुम्निमा पारुहाङ (सुष्टिकर्ताको रूपमा) दोस्रो चुल्हा ढुङ्गा-समाज, (ज्ञानको स्रोतको रूपमा) र तेस्रो चुला ढुङ्गालाई धर्तीमाता, (प्रकृति, धन, सम्पत्तिको रूपमा) मानी पुजिन्छ । यहाँ पन्ध्रवटा मात्रै ढुङ्गाका कथा र तीनका तस्वीरहरू एक ठाउँ पारेर पन्ध्रवटा कथाहरूमध्ये एउटा खोव्वा (खेवा) लुङको तस्वीर समावेश भएको छैन । कारण, खोज्दा खोव्वा लुङ अरु लुङ वा ढुङ्गाहरूझैँ त्यस्तो सामान्य ढुङ्गा होइन । यो विशेषः किराँत राईहरूको आस्थाको ढुङ्गा मात्रै हो । जसलाई किराँतकूलमा चावामाङ (खोलादेउ,) गर्ने नाकछोड् (विजुवाधामी) हरूले मात्रै देख्न सक्छन्' भनिन्छ । र, खोव्वा (खेवा) लुङ बाहेकका सबै लुङ्हरूको तस्वीर यस कथामा समावेश गरेको पाइन्छ । यी ढुङ्गा र तिनका कथाहरूमध्ये, पाँचवटा भोजपुर जिल्लाका विभिन्न ठाउँमा रहेका ढुङ्गाहरू हुन् । तीनवटा खोटाङ जिल्लामा रहेका छन् । सोलुखुम्बुमा एउटा, इलाममा दुइवटा, तेह्रथुममा एउटा, सङ्खुवासभामा एउटा, ओखलढुङ्गामा एउटा र खोव्वा (खेवा) लुङ चाहिँ भोजपुर, धनकुटा, उदयपुर र सुनसरी जिल्लाको सिमानाछेउ पर्ने वराहक्षेत्र त्रिवेणीमा छ भन्ने विश्वास छ ।

यद्यपि, यहाँ समेटिएका प्रत्येक ढुङ्गाका कथाहरू फरक फरक छन् । यसर्थ, म के आशा राख्दछु भने यो पुस्तकबाट पाठकले किराँत जाती र उनीहरूको संस्कृतीसम्बन्धी केही न केही जानकारी पाउन सफल हुनुहुने नै छ । विशेष गरी नयाँ पुस्ता, जो उनीहरू सहरीकरण हुँदै विज्ञानको संसारमा दौडिरहेछन् । उनीहरूले कुनै दिन आ-आफ्नो थातथलोप्रति बुझ्नुपर्ने र जानकारी राख्नुपर्ने आवस्थाहरू दोहोरियो भने केही हदसम्म भए पनि यिनै कथाहरू उपयोगी होलान् भन्ने विचार प्रस्तुत भएको छ । यदि यसो हुन सक्यो भने किराँत भाषा संस्कार र संस्कृतीप्रतिको साहित्यकार मुकारुङको कट्मेरो ज्ञानले गरेको सानो प्रयास खेर गएन भनेर । किराँतकूलमा जन्मनुको सार्थकता हुनेछ ।'

जसमा १५ ओटा शीर्षकहरू राखी विभिन्न सस्कृतिहरूको परिचय दिन खोजिएको छ । जसमा खोव्वा (खेवा) लुङ, नाम्घा लुङ, घोल्टोङ लुङ, डाक्खाम् लुङ, माङ्मी लुङ, दाक्मी/रुभ्रुम् लुङ, ङेवा ङेवे लुङ, बान्दुप्खा लुङ, टाङ लुङ सोप्पिमुमा लुङ र लिग लुङ आदि

ढुङ्गाकै कथाहरूमा समावेश भएको पाइन्छ । मुकारुङले यी कथामा बेजोड तरिकाले आफ्ना भावभिव्यक्ति प्रस्तुत गरेका छन् । यस कथाको विस्तृत विवरण तल दिइएको छ ।

**खोब्वा (खेवा) लुङ**

यो कथा पूर्वको राई जातीहरूको मुन्धुमभित्र रहेको कथा हो । यसमा भोजपुर धनकुटा, उदयपुर सुनसरी जिल्लाको सिमाना क्षेत्र (बराहक्षेत्र) नजिकै त्रिवेणी अरुण, तमोर र दुधकोसीको सङ्गमस्थलतिर खोला तर्दा ध्यान दिनुपर्ने कुरा समेटिएको छ । यस कथाअनुसार खोलाको ढुङ्गामा चिप्लेमा कोही पनि नबच्ने भनाई रहेको छ ।

किराँत किम्वदन्तीअनुसार उहिले उहिले वाखामा र वासिपा नामका किरात पुर्खाहरू थिए । उनीहरूलाई उत्तरतिर बाबुआमाले पठाए । बाटोमा खोला खोव्वा (खेवा) लुङ्गे अगाडी बढ्न नदिएपछि माकेक (कालो जुरेली) लाई गुलेलीले मारी, अगाडी बढेकाले किराँत जातीमा अझैपनि माकेकको मासु खानुहुन्न भन्ने विश्वास रहेको छ  त्यसैगरी रावाखोला पुगेपछि एक भाइ कङ्खाले लेम्लेमासँग विवाह गरेर वसेको हुनाले रावाखोलातिर धेरै आइमाइमान्छेहरू धामी बिजुवा भएको पनि विश्वास गरिन्छ ।

**नाम्दा लुङ (आकाशाबाट झरेको ढुङ्गा)**

यो नाम्दा लुङ भोजपुर जिल्लाको अन्नपूर्ण गा.वि.स वडा नं. २ मा रहेको छ । किराँत राई बान्तवा भाषाअनुसार नाम 'आकाश' दाबाट लुङ झरेको ढुङ्गा भन्ने अर्थ लाग्ने यो ढुङ्गासँग जोडएको कथा हो । किराँत किम्बदन्तीअनुसार किराँती राज्यमा एकलौटी सासन चल्थ्यो । अन्याय र अत्याचार बढ्न थाल्यो, आफ्नो धर्म संस्कृतिलाई विर्सन थाले । त्यो देखि पारुहाङले आफ्नो भेष वदली जोगी भई किराँती समुदायमा भूइचालो ल्याइदिए । सवै डराए र अलि अलि साम्य भयो तर एक जनाले अझ् मानेन् जावो जोगीको कुरा के पत्याउनु भन्यो र उसले पारुहाङ रूपी त्यस जोगीलाई आकासबाट ढुङ्गा झार्न अह्यायो । पारुहाङ रूपी जोगीले तुरुन्तै आकासमा वादलपारी हुरी वतास र चट्याङ्ग पारी ढुङ्गा खसाले । त्यसपछि बल्ल त्यस व्यक्तिले स्वीकार गर्‍यो । सोही कथा किराँत जातीमा आजसम्म पनि मान्दै आएका छन् पारुहाङ्का उपदेश सर्वमान्य रहेको छ ।

**घोल्टिङ लुङ (भालु ढुङ्गा)**

यो घोल्टोङ लुङ इलाम जिल्लाको इलाम नगरपालिकाको पश्चिमी भेगतर्फ पर्ने वडा नं. ९ मा रहेको छ । यो ढुङ्गासँग जोडिएको अर्को कथा हो । किराँती किम्वंदन्ती अनुसार सुम्निमाका छोराहरू जेठा बाघ, माहिलो भालु, साहिँलो बादर र काछो मान्छे थिए । भालु अल्छी र वादर चकचके भएकाले सधै बाघ र मान्छे जंगलमा सिकार गर्न जान्थे । बाँघ जंगी स्वभावको मुढेबल देखाउने खालको थियो त्यो कुरा कान्छो मान्छेलाई मन पर्दैनथ्यो । उसको आमालाई भन्दा तिमी त ज्ञानी विवेकी छौ उसलाई केही नभन भन्दै सम्झाउँथिन्. तर एक दिन धेरै रिस उठाएपछि जुक्ति लाएर बाघलाई मर्नेगरी कुट्यो र बाघ हार खाएर कहिल्यै घर नर्फकी सधै जंगलमै बस्ने निधो गर्‍यो । समय वित्दै जादा आफ्नो छोरा घर नआएपछि जंगलमा खोज्न जादा बाघले सवैकुरा वतायो र उसकी आमा पनि त्यही वस्ने निधो गरेपछि उसले आमालाई मारिदियो । उता घरमा तीन भाई भालु, बादर र मान्छे बाकी भयो । बादरको चकचकी सहन नसकेर उसलाई पनि कुटी जंगल लखेट्यो । धेरै दिनसम्म पनि आमा नआएकाले भालु र मान्छे आमा खोज्न जाँदा आमाको लास भेटियो । मान्छेले भालुलाई लास गाड्ने खाल्डो खन्न अर्‍हाए तर भालु धेरै भोकाएकाले आमाको लास खाई खाल्डो मात्र पुरेको कुरा मान्छेले थाहा पाएपछि भालुलाई टाउँकामा हिर्काउँदा गिद्दी नै बाहिर निस्केकाले हालसम्म पनि भालुको गिदी थोरै मात्र हुने विश्वास पाइन्छ । त्यसपछि भालु पनि घर नर्फर्की त्यही जंगलको ढुङ्गाको ओडारमा वस्ने गर्‍यो । त्यसरी मान्छे मात्र घरमा वस्ने भयो बाँकी सवै जंगल पठाएकाले आजसम्मपनि जंगली जनावरहरू घरबनाएर बसेको पाइदैन भन्ने किंम्वदन्ती यहाँ पाइन्छ ।

**डाक्खाम् लुङ् (तान बुन्ने ढुङ्गा)**

यो कथा पनि किराँतिहरूको उत्कृष्ट कथा हो । आफ्नो टुहुरो भाइलाई जंगलबाट वनतरुल र गिट्ठा ल्याएर भाइलाई खुवाउथे । त्यो थाहापाएर राक्षसनीले भ्याकुरलाई डाक्फुली छर्कर खान नहुने तीतो बनाइन् र गिठठा भ्याकुर त्यही समयदेखि तीतो भएको र वनतरल पातल भासिए रे । त्यसपछि दिदीहरूले बनका ऐसेलुको रस र पानी खुवाएर हेछाकुपाको सास अल्झाउन थाले । जङगलमा खोजेर ल्याएको खानेकुरा पकाएर खुवाउन लाग्दा खानेकुरा लोहोरा जस्तो ढुङ्गा भयो । त्यो देखि भाई निरास भएर भोकले रन्थनिएर मरे । भाइको लास गाडेर त्यहाँ माथि त्यही केरा र वाँसको पातहरूले छोपिदिए र उसको

छेउ,मा कर्द र केराको पात राखिदिए । त्यही समय देखि राई जातीमा छोरा मानिस मर्दा चिहानमा कर्द राखिदिने चलन बसेको हो । त्यो लास नजिकै फूल रोपेर उनीहरू दीदिबहिनी, पनि छुट्टीने निधो गरे ।

बहिनी कामको खोजीमा हिड्दा होङ्ग्रायो नामको चराले उसलाई खाएर मार्‍यो । दीदीले त्यो कुरा थाहापाई उसको हाडखोर जम्मा गरी खरानी मिसाई मुन्धुम गाउँदै तान बुन्न थालिन् । तानमा आफ्नो बहिनीको अनुहार देखिन् । उता हाडखोरबाट बाढिन विउतीन् । दुवै मिली अन्तै मधेशमा कामको खोजिमा हिडे । उनीहरू कहिले मान्छे कहिले चरा कहिले फूल भएर रहे । कहिले कहिले आफ्नो दीदी बहिनी भेट्थे र आफ्नो भाइको सम्झनामा रुन्थे रे त्यसैले असोज महिना तिर लाङ्कुचेप्पा झरी परेको हो । रे ! यच्छु बुङ् र गोवावुङको मिलन हुने बेलामा रावाखोला र ताप् खोलामा पनि ठूलो भल बग्छ रे ! भन्दै तान बुन्ने ढुङ्गाको कथा यहाँ प्रस्तुत गरिएको छ ।

**माङ्मी लुङ (विजुवानी ढुङ्गा)**

यो माङ्मी लुङ (बिजुवानी ढुङ्गा) इलाम जिल्लाको सुदूरपश्चिम गाउँ बाँझो र इभाङको शिरसँग जोडिएको स्थलमा रहको छ । किराँत मुकारुङ बान्तवा भाषाअनुसार तीन शव्दहरू (माङ+मा+लुङ) मिलेर बनेको यो ढुङ्गासँग यो कथा गासिएको छ ।

किराँत किम्बदन्ती अनुसार उहिले उहिले अति ठूलो पोखरी थियो । त्यसको बीचमा ठूलो ढुङ्गा पनि थियो । त्यो पोखरी वरीपरी एउटा ठूलो नाग वस्दथ्यो । पोखरी वरीपरी कोही गयो भने पोखरीको पानी उम्लन्थ्यो त्यस भुल्कोले मानिस तथा जीवजस्तुलाई तानेर गायव गरिदिन्थ्यो । चापेटी नाम गरेकी एक शक्तिशाली किराँतिनीको एक नाबालक छोरा खाइदिएकाले उनले नागसँग लडाई गरी नागलाई भगाएको र नाग दुलो पारी भागेकाले त्यस स्थानमा अहिले पनि ठूला ठूला दुला रहेको र नागलाई रगताम्य पारेर घाऊ बनाएकाले त्यहाँको खोलाको पानी पनि रातो भएकाले उक्त खोलाको नाम हाल पनि रतुवा भनिन्छ यधपि, माङमाले काटेको पोखरीको ढुङ्गा अझै पनि त्यहाँ उपलव्ध भएको पाइन्छ ।

**दाक्मी रुभ्रूम् लुङ (जन्ती ढुङ्गा)**

यो दाक्मी रुभ्रूम् लुङ (जन्ती ढुङ्गा) खोटाङ जिल्ला र भोजपुर जिल्लाको सीमानामा रहेको छ । किराँत किम्वदन्तीअनुसार आदिम किराँत राजा सारुक्ली फेदाहाङ (हाल खोटाङ् जिल्लाको सुनापाताल छेउ) मा राज्य गर्थे । उनकी फेङमा नाम गरेकी असाध्य राम्री छोरी थिइन् । त्यसैले अरुण प्रदशेका किराँत राजा गोल्पालाई सारुक्ली फेदाहोङले आफ्नो छोरी गोल्पा राजाको छोरासँग विवाह गरिदिने निधो भएपछि किराँत रीतिरिवाज एवम् संस्कृतीअनुसार जन्ती लिएर आएपछि फेङमाले विवाहलाई अस्विकार गर्दै मैले जसलाई रुमाल फाल्छु उसैसँग विहे गर्छु भनिन् । नाच्दै नाच्दै वेहुलीले त्यस रुमाल राजाको छोराको हातमा नपारी अर्कै केटाको हातमा पारीन् र उसैसंग विहे गर्ने निधो गरिन् त्यो देखेर बेहुलालाई रिस उठ्यो र त्यस केटालाई मारिदिए । बेहुली भागेर खोटाङको पाथिभरा मन्दिरको शिरमा गई लुकिन् । जन्तीहरूले देखेपछि भोलिपल्ट राजाको छोरासँग विहे हुने भयो । त्यही कुरा सुम्निमा पारुहाङ्लाई मन परेन । किनकी वेहुलाले हत्या गरेका थिए । त्यसैले बेहुला बेहुली र जन्तीहरूलाई ढुङ्गा बनाइदिइन् । ती ढुङ्गाहरू अझै पनि प्रत्यक्ष देख्न र छुन सकिन्छ ।

**खमाही लुङ (खमाही ढुङ्गा)**

यो खमाही लुङ खोटाङ जिल्लाको पश्चिमी भेग महादेवस्थान गा.वि.स. वडा नं. २ एसेलुखर्कमा रहेको छ । किराँत चाम्लिङ भाषामा 'तिम्रो रगत' अर्थ लाग्ने खनाही ढुङगाँसग जोडिएको छ ।

किराँत किम्वदन्तीअनुसार उहिले उहिले एकजना किराँत कोक्पा साह्रै विरामी परे । पुजाआजा गरी विसमा उन्नाईस बनाइयो तर पुरै विसेक भएन । केही गर्दा पनि ठिक नभएपछि विरामीको वाक्य नै रह्यो अन्तिम अवस्था भयो । यसपछि उनले इसाराले खमाही लुङको पूजा गर्नु भन्ने इशारा गरे र त्यसपछि कोक्पालाई विसेक भयो । त्यसै समयदेखि यस ढुङ्गालाई दैवीशक्तिको रूपमा मानिँदै सालिन्दै पूजा आजा गरिँदै आइरएको छ ।

**पोम्ला लुङ (मृतात्मा ढुङ्गा)**

यो पोम्ला लुङ (मृतात्मा ढुङ्गा) सोलुखुम्बु जिल्लाको गुदल गाविस अन्तरगतको लिम्चोला भन्ने ठाउँमा ठूलो ढुङ्गे ओढार (पोम्ला लुङ्) छ । यही ढुङगाको बारे यहाँ कथा भनिएको पाइन्छ ।

किराँत किम्वदन्तीअनुसार उहिले उहिले नै त्यो ओढारमा काचिवुई वारीन्दो नाम गरेका एकजना किराँती सिकार खेल्दै जाने क्रममा माटोले पुरिएर मरेका थिए । उनलाई त्यही अन्त्यष्ठी गरे । त्यसवेला देखि किराँतीहरूले लास गाड्न थालेको भनाई पनि पाइन्छ । त्यस स्थानमा मृतकहरू रात परेपछि मृतआत्माहरू भूत वनेर कराउन, रुन थालेकाले राम्खु नाम गरेका किराँत वसाइ सरी बोदेल भन्ने गाउँमा गए । र किराँती धामी जिवाहरूले मन्त्र गरेर यहाँ बन्दुक पड्काएपछि हल्ला हुन छाडेको भनाई पनि अझैसम्म पाइन्छ । त्यसैले किराँती राईहरूलेहरूले मृतकहलाई गाड्दा वरिपरि ढुङ्गा राखेर गाढ्ने गर्दछन् ।

राताम्मु नाम गरेका व्यक्तिले आफ्ना कुकुरलाई सिकार गर्न पठाउथे र कुकुरले हरेक दिन सिकार मारेर ल्याउथ्यो तर वोदेल बसाई सरेपछि कुकुरले सिकार ल्याउन छाड्यो । किन भन्ने कुरा बुझ्न जादा छेस्की नामको सिकारीले बाटो छेक्दो रहेछ । त्यो थाहा पाइ दुवै मिली सिकार खाने निधो गरेर फेरि सिकार गर्न कुकुरालई पठाए ।

**भःलुङ (सुगुर ढुङ्गा)**

यो भःलुङ (सुँगुर ढुङ्गा, हाल : फाली ढुङ्गा) भोजपुर जिल्ला साम्पाङ् गा.वि.स. वडा नं. ४ वहचा भन्ने ठाउँमा रहेको छ र ढुङ्गासँग यस्तो कथा जोडिएको छ ।

गाउँबाट सुङ्गुर भागेपछि केही गाउँलेहरू खोज्न हिडे । हिड्दा हिड्दा वहचा भन्ने ठाएँमा सुङ्गुर अलप भयो र केही गाउलेहरू त्यही बसे । भनिन्छ, त्यही समयबाट साम्पाङ राइहरू त्यहाँ बसेका हुन् किराँत राई साम्पाङ भाषामा भःसुँगुर, र लुङ ढुङ्गा अर्थात सुँगुर ढुङ्गा अर्थ लाग्ने यो ढुङ्गा भःलुङबाट नेपालीमा फाली ढुङ्गामा परिणत भयो । त्यहाँ वरिपरि वसोवास गर्ने गाउँको नाम फाली सम्पाङ नै रहन गयो ।

**धयाङपुछापलुङ (अजिङ्गरे ढुङ्गा)**

यो धियाङ्पुछाप लुङ (अजिङ्गरे ढुङ्गा) सङ्खुवासभा जिल्लाको पिलुवा भन्ने ठाउँको अरुण किनारमै रहेको छ । यो ढुङ्गासँग जोडिएको यस कथामा भोजपुर जिल्ला र खोटाङ जिल्लाको सिमानामा एउटा ठूलो भूते दह छ । किराँत किम्वदन्तीअनुसार उहिले त्यो भुते दहमा एउटा ठूलो अजिङ्गर बस्दथ्यो ।

भोजपुर जिल्ला र खोटाङ जिल्लाका प्राय गाईवस्तु र मानिस अजिङ्गरले खाएपछि सवै गाउँले मिलि त्यस अजिङ्गरलाई हटाउने निधो गरी मार्न लाग्दा सवैलाई निलिदियो । त्यो कुरा लामाले थाहा पायो र सात दिन सात रात लामा पढी अजिङ्गरको आँखा फुटाइदिए र अजिङ्गर भोजपुरको इर्खुवा खोलाको किनारै किनार अरुण नदीमा पुग्यो । त्यस नदी हुँदै फेरि त्यस अजिङ्गर संखुवासभा तिर पुगी फेरी जनावर र मानिस खान थाल्यो । त्यो थाहा पाई सोलुखुम्बु जिल्लाका किराँती धामीहरू छेन्दिमुख र वीरमुख नामका किराँतीहरूले मुन्दुम पढी अनेक जाल गरी आकाशबाट बज्र खसाएर त्यस अजिङ्गरलाई मारि आनन्दले बसेको भनाई पाइन्छ ।

उक्त अजिङ्गरले बेह्रेर बसेको ठूला चट्टानहरू आजसम्म अरुण नदीको पिलुवा किनारमा छँदैछ । छेन्दिमुख र वीरमुखले उक्त अजिङ्गरलाई मारेपछि मान्छेहरूको लागि ठूलो कल्याण भएको थियो भन्ने भनाइ रहेको छ ।

**ङेवा ङेवा लुङ (बुढाबुढी ढुङ्गा)**

यो ङेवा ङेवा लुङ (बुढाबुढी ढुङ्गा) ओखलढुङ्गा जिल्लाको थाकले गा.वि.स. वडा नं. ९ जयरामघाट दूधकोसी किनारमा रहेको छ । यसैसँग यस कथा जोडिएको पाइन्छ । किराँत बाम्बुले राईभाषाअनुसार ङेवा बुढा र ङेवे बुढी लुङ ढुङ्गा भनिने यस ढुङ्गाको कथा यस्तो रहेको छ ।

किराँती किम्वदन्तीअनुसार एक धामीको मृत्यु भयो र उसको अन्त्यष्टी गर्न चिहानमा लासलाई गाडेर मलामीहरू घर फर्कदै थिए । अचानक माथितिरबाट दुईवटा ढुङ्गा खस्यो । त्यो ढुङ्गा मलामीहरूले हेर्दाहेर्दै गुड्दै गएर भरखरै बनाएको ज्याम्चोको

पालुम (चिहान) मा दायाँ बाँयाँ आएर अडियो र यो ढुङ्गाको वरिपरिबाट सङ्लो पानी निस्कन थाल्यो । यसरी अस्वाभाविक रूपमा ती ढुङ्गाहरू खसेर ज्वाम्चोको चिहानमा अडिएपछि मृत ज्वाम्चोको आत्माले ती दुङ्गाहरूलाई तानेको हो भन्ने ठहर मलामीहरूले निकाले ताकि ज्वाम्चोको मृतशरीरसँगै गाडिएको उनको सुनको ढ्याङ्ग्रो, गजा र फुर्बाहरू अरु कसैले निकाल्न नसकून् ।

यही समयदेखि ज्याम्चो र उनकी श्रीमतीको आत्माको प्रतिकको रूपमा यो जोडी ढुङ्गालाई बुढाबूढी ढुङ्गा भनिएको हो ।

**बानदुप्खा लुङ (आरान ढुङ्गा)**

यो बनदुप्खा लुङ (आरान ढुङ्गा) भोजपुर जिल्लाको अन्नपुर्ण गा.वि.स. वडा नं. २ र नागी गा.वि.स को सिमानामा जोडिएको छ । लुङ ढुङ्गा भनिने यस ढुङ्गाको कथा यस्तो रहेको छ ।

उहिले उहिले नै अन्नपूर्ण क्षेत्रमा नागाहरूको बसोबास थियो । माझ किराँतको भोजपुर दिल्पा क्षेत्रमा नागाहरूको वसोवास थियो । एक सिकारी जंगलमा सिकार गर्दै जादाँ त्यस स्थानमा पुग्यो । त्यहाँको मनमोहक दृष्य र नागिनीहरूलाई देखि त्यही घरजम गरी वस्ने निधो गर्‍यो । गाउँलेहरूले पनि उसलाई खेतीयोग्य जमिन र गाई भैंसी दिने निधो गरे । समय वित्दै जाँदा त्यस सिकारीले गाउँलेहरूले भन्दा धेरै अन्न उत्पादन र धेरै जनावर पार्‍यो । त्यो देखि गाउँलेहरूलाई डाहा लागि ऊ सँग झगडा गर्न थाले । सिकारी धेरै वाठो थियो । उसले विभिन्न वाजी थाप्यो र वाजीमा हारे यो गाउँ छाड्ने वचन दियो । उसले सवै वाजी जित्यो तर गाउलेहरूलाई अझै चित्त वुझेन र अव भोलि बिहान यसै ठाउँमा यो धरती कुटेर हेरौं, तिमीहरूको धरती हो भने धरतीमाता तिमहिरूकै पक्षमा बोल्ने छिन् । मेरो हो भने मेरौ पक्षमा बोल्ने छिन् । सर्त मन्जुर भयो । किराँत सिकारीले राति नै चपरी खनेर वाराङ्केवा लाई पुरेर राखेछन् । सर्त बमोजिम भोलिपल्ट भुइँ कुट्दा नागाको पालोमा धरतीमाता बोलिनन् भने किराँती सिकारीले भुइँ कुट्दा वाराङ्केवा कराएछ र निर्णायक बाजीमा पनि नागाहरू हारेपछि दिल्पाबाट नागाहरू विस्थापित भएका हुन् भने त्यो बाजी खेल्दा गोरुको सिङ, भालेको चुच्चो र छरीमा लगाइदिएको फलामको सिङ, चुच्चो बनाउन

प्रयोग गरिएको 'आरान ढुङ्गा' (वानदुप्खा लुङ) यही हो, भन्दै यसरी त्यो ढुङ्गालाई देख्न सकिन्छ ।

**टाङ्ग लुङ (टोपी ढुङ्गा)**

यो भोजपुर जिल्लाको अन्नपूर्ण गा.वि.स ३ को भूकचोकमा टाङ्ग लुङ रहेको छ । एक जीरामुनि नाम गरेका किरात मुन्धुमको सहायताले तान्त्रिकशक्तिका माध्यमबाट अनौठा कार्यहरू गरेर देखाउँथे । दिनमा साधारण व्यक्तिभएपनि रातीमा उनी चमत्कारी कार्यहरू गरेर देखाउँथे । एक गाउँबाट अर्को गाउँ तुरुन्तै पुग्ने, धेरै काम एक्लैले गर्ने गर्न थालेपछि दरवारमा हल्ला पुग्यो र उनलई नजरवन्द गराइयो । तर तान्त्रिक शक्तिका मध्यमबाट उनी त्यहाँबाट फुत्किन सफल भएर घर जाँदा बाटोमा ढुङ्गाको टोपी लगाउँदै ढुङ्गाकै डण्डीवियो खेल्दै हिडेका भन्ने भनाई छ । जुन आजपनि त्यस टोपी ढुङ्गा अन्नपूर्ण गा.वि.स. वडा नं. ३ स्थित भुरुचोक डाँडामा रहेको पाइन्छ ।

**सोप्पिमुमा लुङ (डण्डीबियो ढुङ्गा)**

यो खोटाङ जिल्लाको अर्खौले गा.वि.स. मा मूलबाटोमै रहेको छ । चाम्लिङ खोलातिर सुत्केरी र दिल्पा खोलातिर डण्डीबियो ढुङ्गा भनिने यो ढुङ्गासँग यस्तो कथा रहेको छ ।

एक जीरामुनि नाम गरेका किराँत मुन्धुमको सहायताले तान्त्रिकशक्तिका माध्यमबाट अनौठा कार्यहरू गरेर देखाउँथे । दिनमा साधारण व्यक्तिभएपनि रातमा उनी चमत्कारी कार्यहरू गरेर देखाउँथे । एक गाउँबाट अर्को गाउँ तुरुन्तै पुग्ने, धेरै काम एक्लैले गर्ने गर्न थालेपछि दरवारमा हल्ला पुग्यो र उनलई नजरवन्द गराइयो । तर तान्त्रिक शक्तिका मध्यमबाट उनी त्यहाँबाट फुत्किन सफल भएर घर जादा बाटोमा ढुङ्गाको टोपी लगाउँदै ढुङ्गाकै डण्डीवियो खेल्दै हिडेका भन्ने भनाई छ । जुन आजपनि त्यस डण्डीवियो ढुङ्गा खोटाङ्को अर्खौलेमा रहेको पाइन्छ ।

**लि? लुङ (गुलेली ढुङ्गा)**

यो तेह्रथुमको सक्रान्ति गा.वि.स. ३ मा पोखरी गाउँको शिरमा रहेको छ । सक्रान्ति बजार तथा अन्य गाउँहरूबाट चुहानडाँडा, छातेढुङ्गा हुँदै पाँचथर जिल्ला जाने र ताप्लेजुङ्बाट देउराली हुँदै आउने जाने बटुवाहरूले यो ढुङ्गालाई बाटोमा भेट्दछन् । चार

फिट उचाइ, तीन फिट ब्यास र छ फिट गोलाइ रहेको यो चिल्लो र आकर्षक ढुङ्गासँग यस्तो कथा जोडिएको छ ।

लिम्बू भाषामा लि? भनेको गुलेली वा धनु र गुलेलीले मट्याङ्ग्रा नै हान्छ भन्ने भनाई पाइन्छ । किराँती जाती पोरोक्मी यम्भारी नामक एक पुरुष घुम्दै घुम्दै चैनपुरको मैदाने भन्ने ठाउँमा पुगे । उनी ज्यादै सुरवीर, बहादुर र शक्तिशाली ब्यक्ति थिए र उनलाई त्यस स्थानको ढुङ्गा साह्रै मन पर्‍यो र कसरी आफ्नो घर लैजाउ भन्ने सोच्दै जाँदा उनले आफ्नो गुलेलीको मट्याङ्ग्रा बनाएर हानी आफ्नो गाउँतिर पठाए र त्यो ढुङ्गा अहिले पनि पोखरी गाउँको शिरमा रहेको पाइन्छ । यही समयदेखि यो ढुङ्गालाई लि? लुङ्ग भन्न थालिएको हो ।

### ४.१.३.२ कथाः पानीको परिचयात्मक विवेचना

वि.सं २०७२ सालमा **'कथा : पानीको** किराँती लोककथा प्रकाशन गरेका हुन् । कथाकार मुकारुङको दोस्रो कथा हो । यो किराँती समुदायमा अत्यन्त उत्कृष्ट कथा बन्न पुगेको छ । यस कथाको विस्तृत विवरण तल दिइएको छ ।

यस कथामा किराँती समुदायमा चलिआएको रिती संस्कृतिहरूको सत्यसत्य घटनाहरूलाई जस्ताको तस्तै प्रस्तुत गरी कथामा ढाल्न खोजिएको छ । यो किराँती राईहरूको पानीसम्वन्धी ऐतिहासिक कथा हो । प्रस्तुत कथा सङ्ग्रहभित्रका कथाहरूभित्र किराँतीहरूले चलाएको धरती र उनीहरूले उपयोग र उपभोग गरेका खोला नाला, पानी, पँधेरो, पाखा, पखेरी, भीर कन्धराहरू र ती प्रकृतिमा उम्रिएका, पोखिएका जीवनरूपी पानीको वर्णन गरेका छन् । पानी जीवन हो, यसको अभावमा सृष्टि सञ्चालन हुनै सक्दैन यही वास्तविकतालाई हृदयङ्गम गरी किराँतीहरूले प्रकृतिलाई श्रदा पूजा गर्ने, संरक्षण गर्ने र उपयोग गर्ने प्राचीन परम्पराको पदचापहरू प्रस्तुत कथा सङ्ग्रहमा चित्रित भएका छन् । प्रत्येक कथामा किराँती जाती, उनीहरूका मौखिक वाङ्मय मुन्दुमका घट्ना वर्णन, मुन्दुमी मिथक र मिथकीय पात्रहरू र किराँती जनजीवनका घटनाहरूका विवरणहरू समेत मुखरित भएका छन् ।

यस कथा सङ्ग्रहभित्र पानीको उत्पत्ति वा सृष्टिको कथावारे वृस्तित वर्णन गरेको पाइन्छ । त्यसैगरी अर्को भनाइ अनुसार पानीको उत्पत्ति २ मा पानी कसरी उत्पत्ति भयो ।

सृष्टिको कसरी रक्षा गरे भन्ने कुराको विश्लेषण गरिएको छ । त्यसैगरी पानीलाई सहज वनाउन ठाउ ठाउँमा धारा राख्ने चलन र धारामा देवता राखी पूजा गर्ने चलन चलाएको पान्इछ । त्यस्तै मेवा खोलामा कसरी पानी उत्पती भयो र त्यस खोलाको महिमा बारे विश्लेषण गर्दै माई खोला कसरी नाम रहन गयो । त्यहाँका नदीहरू अरुण, दूधकोशी र तमोर, सुनकोसी, तामाकोसी, भोटेकोशी र लिखूकोसी कसरी रहन गयो । त्यसैगरी विभिन्न पोखरीहरू कसरी रह्यो भन्दै यस कथा सङ्ग्रहमा विभिन्न स्थानमा कसरी पानीको उत्पत्ति भएको भन्ने किंम्वदन्ती यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.४ **शुभ मुकारुङको अन्य पुस्तकहरूको अध्ययन**

साहित्यकार शुभ मुकारुङले नेपाली साहित्यका कथा, गीतका साथै पुस्तक विधामा कलम चलाएर आफूलाई सफल साहित्यकारका रूपमा राखेको छन् । गुणत्मक तथा सङ्ख्यात्मक रूपमा उनी नेपाली साहित्यिक क्षेत्रमा परिचित रहेका छन । उनका हालसम्म प्रकाशित दुई वटा पुस्तकहरू प्रकाशनमा आएको पाइन्छ । ती पुस्तकहरूलाई छोटकरीमा यहाँ प्रस्तुत गरिएको छ ।

प्रत्येक कथामा किराँती जाती, उनीहरूका मौखिक वाङ्मय मुन्दुमका घट्ना वर्णन, मुन्दुमी मिथक र मिथकीय पात्रहरू र किराँती जनजीवनका घटनाहरूका विवरणहरू समेत मुखिरित भएका छन् । ऐतिहासिक किराँती भूमिहरू खास गरेर काठमाडौं उपत्यका पूर्वका क्षेत्रहरू ओल्लो किरात, माझ किराँत र पल्लो किराँत क्षेत्रमा बसोबास गर्ने किराँतीहरू र उनीहरूको उपयोग र उपभोग गर्ने नदीनालाहरू जस्तै सनुकोसी, तामाकोसी दुधकोसी, अरुण, बरुण, तमोर, लिखु, रावा खोला, तापखोला, मेवा खोला, पिखुवा खोला, त्यसै गरेर विभिन्न ताल तलैयाहरू जस्तै रदुङ पोखरी, राजारानी पोखरी, बहार पोखरी, माई पोखरी, साल्पा पोखरी आदि पानीका मुहान् र स्रोतहरूका अतिरिक्त प्रस्तुत ग्रन्थमा किराँती समाज, सभ्यता र संस्कृतीको समेत प्रतिविम्बन भएका छन् । प्रत्येक कथाहरू आफैमा सूचना, मनोरञ्जन र इतिहास बन्न सफल भएका छन् । किराँतीहरू प्रकृति पूजक हुन् भन्ने पुष्टि गर्न, बलियो आधार निर्माण गर्न सफल प्रस्तुत प्रत्येक कथामा किराँती जनजीवनका साङ्गो, पाङ्गो, ऐतिहासिक विवरणहरू समेत पोखिएका छन् । मिथक र साहित्यमा अनेकौं प्रकारका बिम्ब, आध्यबिम्ब, प्रतीक आदिको प्रयोग भएका छन् । संसारभरका मिथकमा प्रायः आकाशलाई बाबु र धर्तीलाई आमा तथा स्त्रीलिङ्गका रूपमा यसै गरी नदीनालाहरूलाई

देवी वा स्त्रीको रूपमा विम्बको प्रयोग भएको छ । किराँती मिथकीय पात्रहरू तायामा, खियामा, हेत्छाकुप्पा, न्योयहाङ, सोक्रेहाङ आदिको सामीप्यतामा पानीको कथालाई सविस्तार वर्णन गरिएको छ ।

समग्रहमा भन्दा प्रस्तत् कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरू कथा मात्र नभई किराँती इतिहास, दर्शन, भूगोल, भाषा र संस्कृतीको स्रोत सामग्री बन्न सफल भएका छन् । प्रत्येक कथालाई निचोर्दा निस्कने प्रत्येक थोपा किराँती सभ्यताका ऐतिहासिक शीलालेख बन्न पुगेका छन् ।

### ४.१.४.१ साहित्य, सङ्गीत, कला र पत्रकारितामा 'हामी'

नेपाली साहित्यमा पुस्तकलेखनअन्तर्गत  साहित्य, सङ्गित, कला र पत्रकारितामा आधारित 'हामी' नामक पुस्तक सम्भना मुकारुङ र प्रभु मुकारुङद्धारा प्रकाशनमा ल्याएको पाइन्छ । यो उनको नेपाली साहित्यमा अमूल्य स्तरको सिर्जनात्मक लेखनको उपज हो । उनका यी सङ्ग्रहलाई अध्ययनको कोटीमा राखिएको छ । उनका यस पुस्तकभित्र मुकारुङ्बन्धुहरूको व्यक्तिगत विवरण यस पुस्तकमा उल्लेख गरिएको छ । यस पुस्तकले पछिल्ला मुकारुङ सन्ततिलाई साहित्य, सङ्गीत, कला र पत्रकारितामा उत्प्रेरित गर्न इतिहास सावित गरेको छ । साथै मुकारुङस्रष्टाहरूको बारेमा जानकारी राख्न चाहने पाठक, श्रोताहरूको लागि समेत यो पुस्तक उपयोगी बन्नेछ ।

यस पुस्तकभित्र विभिन्न शिर्षकहरू राखी शुभ : गीत संगीत र पत्रकारिताका एउटा चम्किला तारा भनि उल्लेख गरिएको पाइन्छ । यस पुस्तकको प्रथम शिर्षकमा नै उनको साहित्य प्रतिको योगदानको बारेमा वृस्तित विवरण दिएको छ । यस पुस्तक तयारीका क्रममा तपाईले गीत लेख्न थाल्नु भएको कति भयो ? गीतकार बनेर के पाउनुभयो? गीत भनेको के हो ? तपाई कहाँ जन्मनुभएको आदि इत्यादि कुरालाई समेटिएर उनका व्यक्तिगत विवरण यस पुस्तकमा पाइन्छ । साथै उनका सम्पूर्ण परिवार, आफन्त तथा साथीभाईहरूको साथ तथा सहयोग समेत यस पुस्तकमा फोटो सहित परिचय दिएको पाइन्छ ।

### ४.१.४.२ किराँत राई जाती र मुन्दुमी सामग्री

नेपाली साहित्यमा कथा तथा गीत विधाबाट लेखन प्रारम्भ गरेका मुकारुङले किराँत राई जाती र मुन्दुमी सामग्रीमा आधारित **किराँत राई जाती र मुन्दुमी सामग्री** नामक पुस्तक आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाडौंबाट प्रकाशन गराएका छन् । यो उनको नेपाली साहित्यमा अमूल्य स्तरको सिर्जनात्मक लेखनको उपज हो । उनका यी सङ्ग्रहलाई अध्ययनको कोटीमा राखिएको छ । उनका यस पुस्तकभित्र किराँत राई जातीभित्रका पनि बान्तवा थरी राईहरूका चलनचल्तीमा रहेका संस्कृति र मुन्दुमी सामग्रीका बारेमा मुख्यरूपले जानकारी गराउने प्रयास  गरेको छ । साथै यस पुस्तकमा किराँत राई जातीको ऐतिहासिक पक्ष र वर्तमान अवस्थालाई समेत समेट्ने प्रयास भएको छ ।

यसैगरी किराँत राई जातीको विषयमा विद्वान् लेखक अन्वेषकहरूले लेखेका भनेका र व्याख्या गरेका तर्कहरू केहीलाई पनि उदृत गर्दै किराँत राई जातीको बारेमा आजसम्म तिनै मान्यताहरू सर्वोपरि बन्दै आएको कुरा तथा दिल्पा खोलाका बान्तवा भाषी बूढापाकाहरूचाहिँ 'किराँतबाट किराँत र किराँतबाट किराँती' भएको भनाइ अघि सार्दै यस पुस्तकमा बान्तवा भाषाका कि-डर, भय वा बाघ अर्थात् डरलाग्दो बाघजस्ता +राँ-राँकाक्-अधिक लेजिलो +ता-ताया-ज्ञान, बुद्धि, विवेक, अर्थात् दान, बुद्धि विवेक भएको -अर्थ बाघजस्तो डरलाग्दो अधिक तेजिलो ज्ञान, बुद्धि, विवेक भएको जाती भनेर उल्लेख गरेको छ । यो तर्कलाई सही मान्ने हो भने राई भाषा अधिक पुरानो हो भन्ने तर्फ इङ्गित गर्दछ । यो पुस्तकमा समेटिएका सामग्रीहरूलाई तीन खण्डमा विभाजन गरेको पाइन्छ । जसमध्ये प्रथम खण्डमा किराँत राई जातीको इतिहासदेखि वर्तमानसम्म जसभित्र किराँत राईका थर, उपथर (पाछा), भाषा, जनसङ्ख्या, वासस्थान आदि रहेका छन् । दोस्रो खण्डमा किराँत राईहरूका जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कार र तेस्रो खण्डमा साम्खा स्थापना पश्चात किराँत राईहरूको घर घरमा गरिने मुन्दुमी कार्यविधी रहेका छन् ।

यस पुस्तकभित्र विभिन्न शिर्षक उपशिर्षकहरू राखी मुकारुङ जातीका बारेमा उल्लेख गरिएको पाइन्छ । यस पुस्तकको प्रथम शिर्षकमा विषय परिचय रहेको छ जसमा किरात राई जातीको बारेमा उल्लेख भएको पाइन्छ । त्यसैगरी दोस्रो शिर्षक **को हुन् किराँत जाती**, यसमा किराँत राई जातीको बास्तविक जात बताएको पाइन्छ । तेस्रोमा **को हुन्**

**किराँत मुकारुङ** मा राई थरको उत्पती कसरी भयो भन्ने जानकारी दिइएको छ । क्रमश यिनीहरूको गोत्र, थर, वासस्थान, जनसख्या आदिको बारेमा जानकारी दिएको पाइन्छ । त्यसैगरी मुन्दुमी भित्र किराँत राई जातीको जन्मे देखि मृत्युसम्मका संस्कारहरूको बारेमा जानकारी दिइएको छ । जसमा जन्म, न्वारन, पास्नी, छेवर, विवाह, मत्यु, आदि । सांस्कृतिक चालचलनहरूमा उधौली उभौली पर्व, घर बनाउने चौतारो बनाउने, चुल्हो बनाउने विधिहरूआदि सवैका बारेमा जानकारी दिएको छ ।

## ४.२ निष्कर्ष

**पुग्नु कहाँ थियो** गीतसङ्ग्रह वि.स. २०६१ सालमा आदिवासी गीतकार समाज नेपाले प्रकाशक गरेको हो । यस गीतिसङ्गह भित्र राष्ट्रिय गीत तथा आधुनिक गीत, रोमान्टिक खालका गीतहरू रहेका छन । यसको संगीतकार नातिकाजी, दिव्य खालिङ आदि रहेको पाइन्छ । त्यसगरी गायक/ गायिकाहरू दीप श्रेष्ठ, सुकमित गुरुङ लगायत थुप्रै गायक गायिकाहरू रहेका छन् । यस सङ्ग्रहमा प्रणय प्रेम, पिरतीमा धोखा खाँदाको बेदना, जीवनको निस्सारता दुःख र कष्टहरू, सामाजिक यथार्थता, प्रकृति चित्रण, राष्ट्रको माया आदि जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । यस गीतसङ्ग्रहहरूमा गीतकारका आफ्नै वेदना तथा हाम्रै समाजमा घटेका घटनालाई यथार्थपरक ढंगले समावेश गरेको पाइन्छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधपत्रको शीर्षक शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ । प्रस्तुत शोधकार्यलाई छ परिच्छेदमा विभाजन गरिएको छ । शोध परिचय, शुभ मुकारुङको जीवनी, व्यक्तित्व, उनका कथा तथा पुस्तकहरूको विश्लेषण, मुकारुङका गीत विश्लेषण र उपसंहार गरी ६ परिच्छेददमा विभाजन गरिएको छ । यस उपसंहार वा निष्कर्ष परिच्छेदमा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको पहिलो परिच्छेदको नाम “शोध परिचय” राखिएको छ ।यस परिच्छेदमा शोध शीर्षक, परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पुर्वकार्यको समिक्षा, शोधकार्यको महत्व र शोधकार्यको सीमांकन, सामग्री संकलन विधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा शुभ मुकारुङको जीवनी पक्षको चर्चा गरिएको छ । यस परिच्छेदमा शुभ मुकारुङको जन्म र जन्मस्थान, बाल्यकाल र स्वभाव, शिक्षादीक्षा, विवाह तथा दाम्पत्य जीवन, पारिवारिक अवस्था, स्वभाव र बानीव्यवहार, भ्रमण, लेखनका लागि प्रेरणा र प्रभाव, प्रकाशित कृतिहरू, सुख, दुःखका क्षणहरू, सम्मान तथा पुरस्कार, निष्कर्ष आदि विषयको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा शुभ मुकारुङको व्यक्तित्व पक्षको चर्चा गरिएको छ । जसमा कविराज वान्तवाको शारीरिक व्यक्तित्व, व्यक्तित्वका विभिन्न पाटाहरू, साहित्यक व्यक्तित्व, कथाकार तथा पुस्तक लेखन व्यक्तित्व, गीतकार व्यक्तित्व, साहित्येत्तर व्यक्तित्व, समाजसेवी व्यक्तित्व, सम्पादन व्यक्तित्व र जीवनी, व्यक्तित्व र कृतित्वबीच अर्न्तसम्बन्ध आदि विषयको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिचछेदमा शुभ मुकारुङको कृतिको बारेमा चर्चा गरिएको छ । यस क्रममा उनको ढुङ्गैढुङ्गाको कथा, हामी, पानीको कथा र किराँती समुदायको मुन्धुमका पुस्तकहरू तथा सम्पादन पुस्तकको विश्लेषण गरिएको छ । जसमा विषयवस्तु वा भावभूमि, सामाजिक चेतन, प्रेमपटक प्रस्तुति, मानवीय समस्याको प्रस्तुति, राष्ट्रप्रेमीको

प्रस्तुति अन्धविश्वासको प्रस्तुति, सहभागीको चर्चा गर्दै प्रस्तुत पुस्तक तथा कथाको विश्लेषण गरिएको छ । यस क्रममा **पुग्नु कहाँ थियो** गीतसङ्ग्रह भित्रका गीतहरूको पनि विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेदमा सारांश तथा निष्कर्ष दिइएको छ । परिशिष्ट खण्ड र अन्त्यमा सन्दर्भग्रन्थ सुची राखिएको छ । उक्त खण्डमा मुकारुङहालसम्म प्राप्त गरेका सम्मान तथा शुभ मुकारुङसँग लिइएका अन्तरर्वाताका केही पृष्ठहरू प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहका कथा, पुस्तक लेखन तथा गीतहरूले समसामयिक परिवेशलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरी समाजवादी, स्वच्छन्दवादी तथा यथार्थवादी स्वरलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

शुभ मुकारुङको जीवनी, व्यक्तित्व, कृतित्वका विषयमा सम्बन्धित खण्डहरूमा गरिएको विश्लेषणबाट उनी के कस्ता व्यक्ति हुन भन्ने कुरा प्रायः स्पष्ट भइसकेको छ । ती सम्पूर्ण कुराहरूमा दृष्टि लगाउँदै यस परिच्छेदमा निष्कर्ष प्रस्तुत गरिएको छ । साथै मुकारुङको योगदानको आधारमा उनको मूल्यांकन गर्ने काम यहाँ गरिएको छ ।

शुभ मुकारुङको जन्म वि.सं. २०२८ साउन १३ गते अन्नपूर्ण-३, दिल्पा, भोजपुरमा पिता भीमप्रसाद राई र माता भगतकुमारी राईका कोखवाट भएको हो । हाल उनको बासस्थान सुनाकोठी-८, ललितपुर बस्दै आएका छन । ग्रामीण परिवेशमा हुर्किएका मुकारुङले विद्यार्थी अवस्था देखि नै साहित्यमा रुचि राख्ने गर्दथे । शुभ मुकारुङको शिक्षा आरम्भ गाउँको नजिकैको विद्यालययबाट भई सोही विद्यलायबाटै विद्यालय शिक्षा पुरा गरेका थिए । त्यसपछि उनको लगाव र अध्ययनशीलताको कदर गर्दै उनका पिताले उनलाई उच्च शिक्षाका लागि काठमाडौंका क्याम्पसमा भर्ना गरीदिए । प्रविणता प्रमाणपत्र तहसम्मको अध्ययन पूरा गरेका छन् ।

आफ्नै संवेदनशील हृदय, सहकर्मीहरूको हौसला र अग्रज साहित्यकारहरूका साहित्यिक प्रभाव उनका लेखनका ऊर्जा हुन् । साहित्य सिर्जनाका अतिरिक्त सामाजिक संघ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । अध्ययन र भ्रमणमा विशेष रुचि राख्ने मुकारुङले साहित्यका कथा र गीत पुस्तकलेखन आदि विधामा कलम चलाएका छन् ।

सानै उमेर देखि कथा तथा लेखहरूमा रुचि राख्ने मुकारुङ गीतकारका रूपमा परिचित व्यक्तित्व हुन । उनी विद्यार्थी अवस्था देखि नै साहित्य रचनामा रुची राख्ने भएकाले उनले आफ्नो पेशा नै गीत लेख्ने कलामा समर्पित गराएका छन् । अध्ययन, समाजसेवा, साहित्य रचना जस्ता जीवनका विविध आयाममा एकैसाथ अगाडि बढिरहेका मुकारुङ हाल छापा पत्रकारिता, रेडियो/टेलिभिजन कार्यक्रम निर्माण, साहित्य आदि रहेको छ । उनी आदिवासी गीतकार समाज, नेपालका संस्थापक महासचिव, पूर्व अध्यक्ष, शव्द शताव्दी नेपालका पूर्व उपाध्यक्ष, त्यसैगरी सृजनाका लागि समन्वय नेपालका अध्यक्ष र नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य रहेका छन् ।

२०६१ सालमा प्रकाशित गीतसङ्ग्रहलाई आदिवासी गीतकार समाजले प्रकाशन गरेको हो । ४७ साल देखि गीतहरू तथा कविताहरू रचना गरेका शुभ मुकारुङका हालसम्म १ ओटा गीती सङ्ग्रह र अन्य फुटकर गीत रचना भएका छन । उनका गीती एल्वमहरूमा **सायद** गीतिएल्बम, रचना (२०५२), **संवेग** गीतिएल्बम/सीडी, रचना (२०५८), **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह (२०६१), **स्वीकृति** गीतिएल्बम/सीडी, रचना (२०६३) आदि रहेका छन् । **पुग्नु कहाँ थियो** गीत सङ्ग्रहभित्र ३३ वटा गीतहरू समावेश गरिएका यस सङ्ग्रहमा प्रणय प्रेम, पिरतीमा धोखा खाँदाको बेदना, जीवनको निस्सारता दुःख र कष्टहरू, सामाजिक यथार्थता, प्रकृति चित्रण, जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । राष्ट्रिय गीत तथा आधुनिक गीत, रोमान्टिक गीतहरू रेकर्ड भएसकेका भएपनि हालसम्म अनगिन्ती गीतहरू प्रकाशित भएका छन ।

यसैगरी उनले आफ्ना गीतमार्फत आफ्नो प्रेमप्रतिको घटना पनि व्यक्त गरेका छन । यस्तै ईश्वर प्रेम, प्रकृति प्रेम र राष्ट्र प्रेम सम्बन्धी गीतमा मुकारुङले ईश्वरको भक्तिभाव, प्रकृति प्रेममोह र राष्ट्रप्रेम भाव व्यक्त गरेका छन । आफ्नो मनको कामना पुरा हुने आशामा उनले ईश्वरलाई आफ्ना गीतमार्फत सम्झिएका छन । यस्तै प्रणयेतर भावको जीवन चिन्तन अर्न्तगत उनले जीवनलाई सुख र दुःखको मिश्रणका रूपमा चित्रण गरेका छन । प्रकृति वर्णनका गीतमा मुकारुङले नेपालको हिमाल, पहाड र तराईका प्राकृतिक रूपहरूको वर्णन गरेका छन । मुकारुङले आफ्ना गीतमा समग्र पक्षलाई समेट्न सफल भएका छन ।

त्यसैगरी मायालाई आध्यात्मिक दर्शनबाट हेरेर यसको क्षणिकतालाई होइन सम्पूर्णतालाई बोध गराउने अभिव्यक्ति दिएका छन । स्वच्छन्दतावादी भावधारालाई

आत्मसात गर्दै गीत रचना गरेका मुकारुङका सिर्जनाहरूमा कृत्रिम र जवरजस्त लेखनलाई भन्दा स्वतस्फूर्त लेखनलाई आत्मसात गरेको पाइन्छ । पर्याधारका आधारमा हेर्दा मुकारुङका गीतहरू सामाजिक भन्दा वैयक्तिक पर्याधारका नै धेरै छन । उनका वैयक्तिक पर्याधारका गीतहरूमा व्यक्ति मनको आत्मकेन्द्रित अभिव्यक्ति ज्यादा पाइन्छ । मुकारुङका गीतको आरम्भ र अन्त्यको भाव एउटै रहेका गीतहरू नै रहेका छन । भाषाशैलीय अभिव्यक्तिका आधारमा मुकारुङका यस सङ्ग्रहभित्र सङग्रहित गीतहरू एकलापीय छन । प्रस्तुतिका रूपमा वक्तव्यपटक र सम्बोधनात्मक दुवै रहेका मुकारुङका गीतहरूमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन । उनले आफ्ना गीतहरूमा प्राकृतिक, आणविक बिम्बको प्रयोग गरेका छन भने अलङ्कारका रूपमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेका छन । लयगत रूपमा १४, १६, १८ अक्षरगत लोकलयको प्रयोग गरेका मुकारुङका गीतहरू लयका आधारमा उत्कृष्ट छन । उनले आफ्ना गीतमा सहभागीका रूपमा म पात्रको प्रयोग गरेका छन भने राष्ट्रप्रेमका गीतमा सम्पूर्ण नेपालीलाई प्रयोग गरेका छन ।

विषय वस्तुको दृष्टिले उनले आफ्ना कविता र गीतहरूमा प्रकृतिप्रेम, विश्वशान्ति, सदाचार, समानता, मातृत्व, मानवता, देशभक्तिको भावनालाई समेटेको पाइन्छ । यसबाहेक नेपाली समाज, संस्कृती,परम्परा, देशमा भएका विकृति आडम्बर तथा समसामयिक विकृतिप्रति तिखो व्यङ्ग्य गरेको पाइन्छ । यसरी विविध विषय वस्तुलाई अँगालेर कलात्मक पाराले प्रस्तुत गर्न सक्नु मुकारुङको कविता तथा गीतकार वैशिष्टय हो । मुकारुङका काव्य कृतिमा विचार पक्षको पनि गहिरो प्रभाव रहेको छ । उनले आफ्ना कृतिका माध्यमबाट नेपाली माटो, संस्कृती र परम्पराको जगेर्ना, जन्मभूमिप्रतिको आस्था राख्नु पर्ने विचार व्यक्त गरेका छन ।

यसरी समग्र विषयवस्तु, विचार, दर्शन, मान्यता चिन्तन, पर्याधार, ढाँचा, प्रस्तुति, सहभागी, परिवेश, बिम्ब, अलंकार, प्रतीक, आदिका आधारमा हेर्दा गीतकार मुकारुङको यस **पुग्नु कहाँ थियो** गीतीसङ्ग्रह भित्र सङ्ग्रहित सम्पुर्ण कथा, मुकारुङ समुदायको सांस्कृतिक झल्काउने पुस्तक तथा गीतहरू उत्कृष्ट रहेका छन । नेपाली कथा तथा गीति साहित्यका क्षेत्रमा यस सङ्ग्रहले समग्रतालाई समेट्न सफल छ । समष्टिमा भन्नु पर्दा मुकारुङ कुशल साहित्यकार तथा सफल राष्ट्रभक्तिका रूपमा चिनिएका छन ।

## परिशिष्टहरू

## परिशिष्ट - क

शुभ मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षक अर्न्तगत शोधकार्य गर्ने सिलसिलामा शोधनायक शुभ मुकारुङसँग यस शोद्यार्थीबाट लिखित अन्तरवार्ता लिइएको थियो । त्यसलाई यहाँ प्रस्तुत गरिएको छ ।

मुकारुङ ज्यू,

म तपाईको बारेमा शोधकार्य गरिरहेको छु । तसर्थ निम्नलिखित प्रश्नहरूको उत्तर लिखित रूपमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**प्रश्न नं.**

**१) तपाइँको जन्म कहाँ र कहिले भएको हो ?**

उत्तरः- मेरो जन्म वि.सं. २०२८ साल साउन १३ अन्नपूर्ण-३, दिल्पा, भोजपुरमा भएको हो ।

**२) तपाइँका माता पिताको नाम के-के थियो ?**

उत्तरः- मेरो पिताको नाम भीमप्रसाद राई र माता भगतकुमारी राई हो ।

**३) आफ्नो जीवनका अक्षारम्भ देखि विद्यालय शिक्षा बारेमा केही बताइदिनु हुन्छ कि ?**

उत्तरः- मैले अक्षारारम्भ हजुरबुवा तथा बुबाबाट गरेको हुँ । मैले औपचारिक शिक्षा आरम्भ चार वर्षको उमेरमा घरबाट लगभग २-३ मिनेट मात्र टाढा रहेको स्थानीय अन्नपूर्ण मा.वि.बाट गरेको थिए । १५ वर्षमा एस.एल.सी नपाइने भएकाले १६ वर्षमा सेन्ट अप परीक्षा दिएको तर त्यो परीक्षा विग्रिएकोले ४ वर्ष त्यतिकै पढाइ छाडेर २०५० मा अन्नपूर्ण उ.मा.वि. बाटै एस.एल.सी दिएको र पास भएको हो । साथै प्रविणता प्रमाण पत्र तह रत्न राज्य क्याम्पस काठमाडौंबाट भएको थियो ।

**४) तपाइँले आफूले अध्ययन गरेका विद्यालयहरूको नाम के-के हुन् ?**

उत्तरः- मैले अध्ययन गरेका विद्यालय तथा क्याम्पसहरूको नाम निम्नानुसार उल्लेख गर्न चाहन्छु :

श्री अन्नपुर्ण मा.वि. भोजपुर

श्री रत्न राज्य लक्ष्मी क्याम्पस, भृकुटीमण्डप, काठमाडौं

**५) साहित्यमा लाग्ने प्रेरणा कसले दियो र कसरी आजको दिनसम्म आइपुग्नु भयो ?**

उत्तरः- सानै उमेरदेखि तीक्ष्ण बुद्धिका मानिले मुकारुङ लेखन कार्यका लागि प्रेरक व्यक्ति कोही नभएर उनी आफैंले पढेका पुस्तकलाई लिने गर्दछन् । आरम्भ आफ्नै संवेदनशील हृदय, सहकर्मीहरूको हौसला र अग्रज साहित्यकारहरूका साहित्यिक प्रभाव उनका लेखनका ऊर्जा हुन् । साहित्य सिर्जनाका अतिरिक्त सामाजिक संघ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । त्यसैगरी सहायक रूपमा प्रेरक व्यक्तिमा भने आफ्ना बुवाबाट प्रेरित भएको पाइन्छ । कृतिका रूपमा उनले २०४७ देखि थालनी गरी गीतहरू रेकर्ड गराएका थिए । हाल उनी साहित्य क्षेत्र मै व्यस्त रहेका छन् ।

**६) आफ्नो जीवनमा शिक्षालाई कसरी हेर्नु भएको छ ?**

उत्तरः- शिक्षा आर्जनको लागि जीवनमा हामीले ठुलो संघर्ष गर्नु परेको छ । प्राविधिक शिक्षा आर्जन गरेर देशमा प्रविधिको फड्को मार्नु परेको अवस्था छ । शिक्षा नभएको भए अहिलेको अवस्था सम्म आइपुग्दा सम्भव थिएन ।

**७) शिक्षा मानव जीवनको के हो जस्तो लाग्छ ?**

उत्तरः- शिक्षा मानव जिवनको आँखा हो । त्यसैले शिक्षाले मानिसको भित्री नेत्र खुला हुने गर्दछ । शिक्षा मानव जीवनको लागि प्रमुख तत्व हो । शिक्षा व्यवहारिक र प्रयोगात्मक हुनुपर्छ। व्यवहारिक शिक्षाको गुणस्तरलाई बृद्धि गरिनु पर्दछ । मानव समाजमा कामका प्रकारहरू विभिन्न छन । जहाँ जहाँ मान्छेको आवश्यकता जोडिएको हुन्छ । यस्ता विषय

पनि शैक्षिक क्षेत्रमा जोडिएको हुनु पर्छ । आधारभूत शिक्षालाई व्यवहारिक शिक्षामा परिवर्तन गर्ने हो भने शिक्षाको गुणस्तर वृद्धि गर्न सकिन्छ ।

**८) समाज परिवर्तनका लागि शिक्षाको भूमिका कस्तो हुन्छ जस्तो लाग्छ ?**

उत्तरः- समाज परिवर्तनका लाीग समेत शिक्षा सहायकसिद्ध हुने गर्दछ । हामीले देखेका छौ हरेक परिवर्तनका लागि शिक्षित वर्गको ठुलो योगदान रहेको हुन्छ । हरेक आन्दोलनमा कलेजका विद्यार्थीहरूको नेतृत्वकारी भूमिका हुन्छ । शिक्षित वर्गले नै परिवर्तनको बारेमा सर्वसाधारणलाई चेतना दिलाउने गर्दछन । नयाँ विषय देखि सत्ताको दूरूपयोग सम्मका कुरा शिक्षित समुदाय ले नै जनसमुहका बीचमा संप्रेषण गर्ने गर्दछन भन्ने मेरो धारणा रहेको छ ।

**९) सामाजिक उन्नयनका लागि नेपालको शिक्षा कस्तो लाग्छ यहाँलाई ?**

उत्तरः- नेपालको शिक्षा व्यवहारिक भन्दा सैद्धान्तिक बढी रहेको छ । जसको कारण अध्ययन पुरा गरेपछि कुनै व्यवसाय गर्न सक्षम युवा शक्ति जागिर तर्फ मात्र निर्भर युवा शक्ति उत्पादन भइरहेको छ । जसका कारण देशमा बेरोजगारी बढ्दो छ । व्यवहारिक शिक्षा नभएको् कारण देशको युवा जनशक्ति वैदेशिक रोजगारीमा विदेश पलायन हुने गरेका छन । आधारभूत शिक्षालाई व्यवहारिक शिक्षामा परिणत गर्ने हो भने नेपाली युवाको विदेश जाने लहर घटेर जान्छ । कामको लागि विदेश जानुभन्दा परिवारसँग बसेर विदेशमा कमाउने भन्दा बढी आय आर्जन गर्न सक्छन । नेपालमा शिक्षालाई आडम्बरको रूपमा लिने सोचाईको विकास भएको छ । यसो हुनुमा शिक्षा उत्पादन सँग नजोडिनुले पनि होला । हामीले हाम्रो शिक्षालाई सही दिशातिर हिडाउन नसक्दा हाम्रो शिक्षा प्रणाली उपयुक्त भरपर्दो र प्रभावकारी छैन भन्न  सकिन्छ ।

**१०) यहाँ साहित्यिक व्यक्तित्व पनि हुनुहुन्छ मानवीय जीवनमा साहित्यको के-कस्तो प्रभाव पाउनु भएको छ ?**

उत्तरः- साहित्यले मान्छेले मान्छे चिन्ने अवस्था उजागर गर्दछ । मान्छेलाई सहीबाटो देखाउन यसले मद्दत गर्दछ । साहित्यले समाजलाई मार्ग निर्देशन गरीरहेको हुन्छ । त्यसैले साहित्य समाजको ऐना हो भनिन्छ साहित्यकार स्रष्टा र द्रष्टा हुन ।

**११) तपाइँ आफ्नो कर्मप्रति कतिको सन्तुष्ट हुनु हुन्छ ?**

उत्तरः- म मेरो कर्म प्रति कति पनि सन्तुष्टि छैन । के गर्नुपर्ने हो कता गइरहेछु जस्तो लाग्दछ । मलाइ एउटा राम्रो साहित्यकार बन्न मन लाग्दछ ।

**१२) आफूलाई चिनाउनु पर्दा कसरी चिनाउनु हुन्छ ?**

उत्तरः- म आफुलाई चिनाउनु पर्दा एक कुशल गीतकार तथा संस्कृतिकर्मीको रूपमा चिनाउन चाहन्छु ।

**१३) यहाँको पारिवारिक अवस्था बताईदिनु हुन्छ की ?**

उत्तरः- मेरो पुर्ख्यौली थलो कोशी अञ्चल भोजपुर जिल्लाको दिल्पामा भएता पनि हाल ललितपुर जिल्लामा सुनाकोठीमा बस्दै आएको छु । ग्रामीण परिवारमा जन्मिएका कारण बाल्याकाल गाँउघरमा गाई भैंसी गोठालो गरेर वितेको थियो । म एक मध्यम परिवारमा जन्मिएका कारण मैले उच्च शिक्षा अध्ययनको लागि खासै दुःख कष्ठ गर्नु परेन बाबा आमाको राम्रो रेखदेख भएका कारण मलाई आर्थिक समस्या त्यति परेन । उच्च शिक्षा हासिल गर्नको लागि काठमाडौं प्रवेश गरे पश्चात काठमाडौंमा नै पेशा, रोजगारी गरी अध्ययन गरे । हाल ललितपुरमा श्रीमती र छोराका साथ बस्दै आएको छु । जागिर, बच्चाको अध्ययन तथा मेरो थप साहित्यिक लेखनले व्यस्त हुन पाइरहे कै छु र यही रमाइलो पनि छ ।

**१४) यहाँ संलग्न भएका संघ संस्थाहरू बताइदिनुस् ?**

उत्तरः- म विभिन्न सामाजिक संस्थाहरूमा आबद्ध रहेको छु । ती निम्नानुसार रहेका छन :

क) छापा पत्रकारितान, रेडियो/टेलिभिजन कार्यक्रम निर्माण, सम्पादन

ख) आदिवासी गीतकार समाज, नेपालका संस्थापक महासचिव, पूर्व अध्यक्ष, शव्द शताव्दी नेपालका पूर्व उपाध्यक्ष, त्यसैगरी सृजनाका लागि समन्वय नेपालका अध्यक्ष

ग) नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य

घ) उपाध्यक्ष - गीतकार संघ नेपाल

ङ) महासचिव- गीतकार सङ्घ नेपाल कार्य समिति २०७१-७५

**१५) तपाइँले आफ्नो जीवनमा सृजना गरेको प्रथम रचना कुन थियो ?**

उत्तरः- मैले लेखेको गीत रेकर्ड २०४७ पहिलो सृर्जना गरेको साहित्यिक कृति हो ।

**१६) यहाँलाई आफ्ना रचना मध्ये कुन धेरै प्यारो लाग्छ ?**

उत्तरः- मलाई मेरो रचना **पुग्नु कहाँ थियो** गीतिसङ्ग्रह प्यारो लाग्छ ।

**१७) नोकरी, साहित्यका अलावा कुन-कुन क्षेत्रमा सम्लग्न हुनुहुन्छ ?**

उत्तरः- म नोकरी र साहित्यको अलावा समाज सेवाको क्षेत्रमा काम गर्न रुचाउँछु । जस्तै, म आदिवासी गीतकार समाज, नेपालका संस्थापक महासचिव, पूर्व अध्यक्ष, शव्द शताव्दी नेपालका पूर्व उपाध्यक्ष, त्यसैगरी सृजनाका लागि समन्वय नेपालका अध्यक्षको रूपमा रही काम गरेको छु ।

**१८) फुर्सदको समयमा के गर्न रुचाउनु हुन्छ ?**

उत्तरः- फुर्सदको समयमा पढ्ने, लेख्ने, पत्रपत्रिका हेर्ने, गीतसुन्ने, टेलिभिजन हेर्ने, रेडियो सुन्ने आदि गर्दछु । कुनै न कुनै हिसाबले समयको सदुपयोग गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

**१९) यहाँको शैक्षिक तथा साहित्यको प्रेरणाको स्रोत को हुनुहुन्छ ?**

उत्तरः- मेरो शैक्षिक प्रेरणाको स्रोत मेरो आदरणीय बुबा, आमा नै हुनुहुन्छ । साथै साहित्यिक प्रेरणाको स्रोत अग्रज साहित्यहरू नै हो ।

**२०) यहाँले आफ्नो देश बाहेका अन्य कुन-कुन देशको भ्रमण गर्नु भएको छ ?**

उत्तरः- नेपाल लगायत अन्य वैदेशिक स्थान तथा नेपालको ३५-४० वटा जिल्ला घुमेको अनुभव बताउँछन् । नेपाल बाहिर विभिन्न मुलुक हङकङ, दुबई, भारत आदि स्थान घुमफिर गरेको पाइन्छ ।

**२१) आफ्नो जीवनमा सबभन्दा धेरै खुशी कहिले हुनुभएकोछ ?**

उत्तरः- मलाई सबैभन्दा खुशी मेरो छोरा जन्मिदाको क्षण हो ।

**२२) जीवनको अविष्मरणिय दुःखद क्षणको अनुभव कतिको व्यहोर्नु भएको छ ?**

उत्तरः- मलाई सबैभन्दा बढी दुःखको क्षण म आफ्नो जन्मभूमि छाडेर काठमाडौं आएको क्षण हो ।

**२३) यहाँलाई मन पर्ने साहित्यकारहरू ?**

उत्तरः- साहित्यकार महाकवि लक्ष्मी प्रसाद देवकोटा, पारिजात, गीतकार किरण खरेल र कृष्णहरि बराल मलाई मन पर्ने साहित्यकार हुन ।

**२४) नेपालको राजनीतिको बारेमा के भन्न चाहनुहुन्छ ?**

उत्तरः- नेपालको राजनीति अत्यन्त अस्थिर र संक्रकण बाट अगाडी बढी रहेको छ । यसका लागि केही नेताहरूको गैर जिम्मेबारीपन नै जिम्मेबार रहेको छ । राजनीति दीन दुःखीका नाममा गर्ने तर आफू उनीहरूको सहयोग तर्फ होइन व्यक्तिगत फाइदा तर्फ लाग्ने प्रवृत्तिले हाम्रो राजनीति ग्रसित रहेको छ । ठुला कुरा गर्ने तर सानो काम पनि गरेर नदेखाउने कारणले आज ठुला नेताको छवि ह्रास भइरहेको छ । राजनीतिले सही गोरेटो नलिई देशले सही मार्गदर्शन पाउन नसक्ने भएको हुँदा चाडै राजनीतिले वास्तविक मार्ग पहिल्याउन सकोस भन्ने मेरो चाहना छ ।

**२५) भगवान माथि विश्वास गर्नु हुन्छ ?**

उत्तरः- भगवान प्रति एकदम विश्वास्त छु । विहान बेलुका पुजा आजा गर्ने गर्दछु । हामी धर्मलाई अपरिवर्तनिय मान्यता बोकेको ग्रन्थमा अनुवाद हुने प्रकृतिको होइन कि यसलाई विश्वास र आत्म सन्तुष्टिको लागि स्विट मनोभाव शान्ति तथा एकाग्र चित्तको लागि समर्पित हुने प्रोरणाका लागि उपयोगी ठानेको छु ।

**२६) अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

उत्तरः- साहित्यकारका लागि आफ्ना सबै कृति महत्वपूर्ण प्यारा र मूल्यवान लाग्दछन । वास्तवमा यस सङ्ग्रहमा सङ्कलित कविताहरू तथा गीतहरूले मेरो जीवनको अनमोल समयको परिधिलाई समेटेका छन । अझ भनौं भने मेरो जीवनको सिङ्गै वसन्तकाल यसै सङ्ग्रहमा अटाएको छ । झन्नैझन्नै बिसौं वसन्तदेखि पैतिसौं वसन्तसम्मलाई यस सङ्ग्रहले चित्रण गरेको छ । यस समय आफैमा मेरो जीवनको अति नै महत्वपुर्ण खण्ड हो । मैले यस समयमा धेरै आरोह-अवरोहहरू पार गरेको छु । आज म जुन धरातलमा उभिएको छु यही यात्राको आशिर्वाद हो । पाठकहरूले यसलाई रुचाइदिनु भयो भने त्यही नै पुरस्कार हुनेछ । शोधकार्यका लागि छनौट गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु र सफलताको कामना गर्दछु ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०), **पूर्वीय समालोचना,** पाँ.सं; काठमाडौंः साझा प्रकाशन ।

उपध्याय, केशवप्रसाद (२०४८), **पूर्वीय साहित्य सिद्धान्त,** दो.सं., काठमाडौं साझा प्रकाशन ।

गौतम, देवीप्रसाद, **नेपाली कथा**, प्र.सं., काठमाडौंः नवीन प्रकाशन, २०६० ।

गौतम, पवित्रा, (२०७४) बखतबहादुर **थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित, नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

त्रिपाठी, बासुदेव (२०४०) **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** भाग २, काठमाडौं : साझा प्रकाशन, ।

त्रिपाठी, वासुदेव, (२०६०) **नेपाली बृहत् शब्दकोश,** पा.सं कठामाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, थानेश्वर, (२०६३) **गणेशमान सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (२०४०) (सम्पा.) **नेपाली बृहत शब्दकोश,** काठमाडौंः ने.रा.प्र.प्र. ।

प्रधान भिक्टर, (२०४४) **नेपाली जीवनी र आत्मकथाको शैद्धान्तिक तथा ऐतिहासिक विवेचना,** काठमाडौं : ने.रा.प्र.प्र. ।

मुकारुङ, शुभ, (२०६३), **साहित्य, सङ्गीत कला र पत्रकारितामा हामी**, काठमाडौं : साथी प्रकाशन, बागबजार ।

____________ (२०६५), **किराँत राई जाती र मुन्दुमी सामग्री**, काठमाडौं : साथी प्रकाशन, बागबजार ।

____________(२०६४), **कथा ढुङ्गैढुङ्गाको,** पाँचथर :साथी प्रकाशन बागबजार ।

____________ (२०७२), **कथा पानीको,** भोजपुर : भोजपुर समाज हङकङ ।


____________ (२०७२), **कथा पानीको,** भोजपुर : भोजपुर समाज हङकङ ।

_______________ (२०६१), **पुग्नु कहाँ थियो,** काठमाडौं : आदिवासी गीतकार समाज नेपाल समाज ।

लुइटेल, (२०५३) **नेपाली गीतीकारिताको सैद्धान्तिक विवेचना,** काठमाडौं : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, दयाराम, मोहनराज शर्मा, (२०५६) **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पा.सं. काठमाडौंः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, (२०६०) **नेपाली कथा भाग ४,** दो.सं.काठमाडौंः साझा प्रकाशन ।